**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर
## The Worker Daily दैनिक


Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ८९ ★ ने. सं. ११४६ वछला थ्व, पञ्चमी ★ बुधबार ★ ९ वैशाख, २०८३ ★ April 22, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# भदौ २३ र २४ गतेको घटनाबारे जाँचबुझ आयोगमा सरोकारवालाको सार–सङ्क्षेप बयान

**प्रहरी वृत्त थानकोटका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक एलिजा गिरीको बयान** :

भदौ २३ गते प्रदर्शनको सुरुआती अवस्था शान्त र व्यवस्थित थियो । “Together for Reform Against Corruption” जस्ता नारासहित आन्दोलन शान्तिपूर्ण गर्ने, कुनै हुलहुज्जत नगर्ने, उच्छृङ्खल नहुने बोटबिरुवा नभाँची शान्तिपूर्ण गर्ने भन्ने नारा लगाई १५-२० जनाबाट सुरु भएको भेला क्रमश: बढ्दै गएको थियो । विद्यालयको पोशाकमा आएका विद्यार्थीहरू प्रदर्शनमा मिसिँदै गएकाले मैले सो विषय तालुक कन्ट्रोललाई जानकारी गराएको थिएँ । भिडको सङ्ख्या तीव्र रूपमा बढ्दै गएपछि निर्धारित समयभन्दा अगावै न्याली माइतीघरबाट अगाडि बढ्यो । करिब पाँच हजारभन्दा बढीको भिड ती नै लेन ओगट्दै अघि बढ्दा व्यवस्थापन चुनौतीपूर्ण बन्दै गयो ।

दूरसञ्चार कार्यालय आसपास पुग्दा भिड उत्तेजित हुन थालेको, सुरक्षाकर्मीमाथि पानीका बोतल प्रहार गर्ने, होर्डिङ बोर्ड र पोस्टर च्यात्ने गतिविधि देखिए । मैले माइकिङमार्फत संयम अपनाउन आग्रह गर्दै टोलीलाई भिड वरिपरि घेरा (Cordon) बनाउन लगाएँ ।

विद्यालयका विद्यार्थीहरू झनै उत्तेजित देखिएका थिए र उच्छृङ्खल समूहले उनीहरूलाई उक्साइरहेको अवस्था थियो । करिब ११:२५ बजेतिर भिड निषेधित क्षेत्रमा आइपुग्दा स्थानीय प्रशासन ऐनअनुसार निषेधित क्षेत्र नतोड्न र कानुनी कारबाही हुने चेतावनी दिइयो । भिड असङ्गठित थियो र नेतृत्वविहीन देखिन्थ्यो । पछाडिबाट आएका उच्छृङ्खल समूहले भिड भड्काउँदै निषेधित क्षेत्र तोडेपछि सो जानकारी कन्ट्रोललाई गराइयो ।

दक्षिण गेटतर्फ भिडले प्रवेशको प्रयास गर्दा पटक-पटक सम्झाइबुझाइ गरियो । भिड नमानेपछि न्यूनतम बल प्रयोग गर्दै लाठीचार्ज गरियो तर अवस्था झन् उग्र बन्दै ढुङ्गामुढा, सिमेन्टका डल्ला र फलामे रड प्रहार हुन थाल्यो । पेट्रोल बमसमेत प्रयोग गरिँदा स्थिति अत्यन्त जोखिमपूर्ण बन्यो ।

प्रदर्शनकारीहरूले गेटको दायाँ-बायाँ रहेका साना भवनका छतबाट ढुङ्गा र पेट्रोल बम प्रहार गरिरहेका थिए र वाटर क्यानन सवारीसाधनमा आगजनी गर्ने प्रयाससमेत देखियो । म र मेरो टोली गेटमै डटेर संसद् भवनभित्र प्रवेश रोकिरहेकै क्रममा भिडले उल्टै हामीतर्फ अश्रुग्यास सेल फ्याँक्ने, ढुङ्गामुढा र रड प्रहार गर्ने गर्‍यो । सो आक्रमणबाट म स्वयम् गम्भीर रूपमा घाइते भएँ, नाक र मुखमा चोट लागी रगत बग्यो ।

कर्फ्यु आदेश जारी भइसकेपछि माइकिङमार्फत भिडलाई जानकारी गराइयो । त्यसको अवज्ञा गर्दै प्रदर्शनकारीहरूले निरन्तर आक्रमण गरेपछि कानुनबमोजिम कारबाही गर्ने आदेश प्रवाह भएको थियो ।

भदौ २४ गतेको सम्भावित हिंसात्मक अवस्थालाई ध्यानमा राखी माथिल्लो निकायबाट सर्वप्रथम आफ्नै कार्यालय, थुनुवा, हातहतियार र प्रहरी कर्मचारीको सुरक्षा गर्न आदेश प्राप्त भयो । थानकोट क्षेत्रमै भिड आक्रामक भई प्रहरी कार्यालयमा तोडफोड र पेट्रोल बम प्रहार गरेपछि दिनको करिब १६:३० बजेको समयमा मैले हातहतियार, गोलीगठ्ठा र कर्मचारी सुरक्षित गर्दै नजकिको नेपाली सेनाको शिक्षालयमा अस्थायीरूपमा सुरक्षित बस्ने निर्णय गरे ।

मेरो निष्कर्षमा सुरुमा भ्रष्टाचारविरोधी र सुशासनका नारासहित सुरु भएको Gen–Z आन्दोलन उच्छृङ्खल, आपराधिक तथा गैरकानुनी समूहको घुसपैठका कारण विध्वंसात्मक रूपमा परिणत भयो । यस्ता घटनामा संलग्न समूह र तत्त्वहरूको गहिरो अनुसन्धान आवश्यक छ भन्ने मेरो धारणा हो ।

**प्रहरी वृत्त कालीमाटीका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक मधुकुमार थापाको बयान** :

भदौ २३ गते जेनजी समूहद्वारा आह्वान गरिएको प्रदर्शनको क्रममा मलाई एकीकृत सुरक्षा योजनाअनुसार माइतीघर मण्डलामा भिड व्यवस्थापन, लाइन मिलाउने र कोणसभा सञ्चालनमा सहयोगी भूमिकासहित खटाइएको थियो । प्रारम्भिक अवस्थामा भिड अत्यन्त सामान्य स्कूल तथा कलेजका विद्यार्थी (युनिफर्ममै) तथा युवाहरूको उपस्थितिसहित व्यवस्थित रूपमा देखिएको थियो ।

११:२५ बजेतिर भिडले भ्रष्टाचारविरुद्ध र ‘नेता’ हरूविरुद्ध तथा संसद् भवन जलाउनेजस्ता उत्तेजनात्मक नाराहरू लगाउन थालेपछि अवस्था असामान्य हुँदै जाने सङ्केत प्रस्ट देखिन थाल्यो । भिड नेतृत्वविहीन थियो ।

भिडले निषेधित क्षेत्र तोडेपछि मैले भिक्टर कन्ट्रोलमा स्थिति जानकारी गराएको थिएँ ।

कर्फ्यु आदेश करिब १२:३० बजेतिर लागेपछि पनि स्थिति शान्त हुन सकेन । ढुङ्गा, बोतल तथा अश्लील शब्द प्रयोग गर्दै भिडले प्रहरीमाथि आक्रमण गरिरहेको थियो । अश्रुग्याससमेत उल्टाएर प्रहरीतर्फ फर्काइएको, अत्यधिक सङ्ख्याका प्रदर्शनकारी धेरैजसो विद्यार्थी एकैपटक आक्रामक भएकाले सामान्य बल प्रयोग प्रभावहीन बनेको थियो ।

संसद् भवन परिसरमा भिड प्रवेशको समयमा म दक्षिण गेटतर्फ खटिएको थिएँ । भिडले मूल गेट, भित्ताहरू तोडफोड गर्दै कक्षभित्र समेत आगजनी गरेका हुन् । भिडलाई उक्साउने उद्देश्यले कालो ड्रेस र फूल हेलमेट लगाएका मोटरसाइकल समूहहरू योजनाबद्ध रूपमा उपस्थित भएका थिए । गोली प्रहार कसरी कुन स्थानबाट सुरु भयो भन्ने विषयमा मलाई जानकारी छैन, तर आदेश PETRE-1, Victor -2 / Kilo - 1 बाट आएको थियो ।

कलङ्की प्रहरी प्रभागमा ठूलो सङ्ख्यामा भिड जम्मा भई आगजनी सुरु गरेपछि मैले करिब २५-३० जना


***बाँकी पृष्ठ ८ मा***


# सम्पदा जगेर्ना गर्नु सबैको कर्तव्य




काठमाडौँ, ८ वैशाख । राजधानी काठमाडौँको सडकको दायाँ बायाँ अनियमित घर भवन अघि सर्ने बालेन्द्र साहको नेतृत्वमा सरकार बनेको छ । अनियमित घर निर्माण भत्काउन लागिपरेका प्रधानमन्त्री बालेन्द्र साहको नेतृत्वमा बनेको सरकारले काठमाडौँ महानगरको ठमेलको भगवान् बहालस्थित विक्रमशील महाविहारको पूर्वतर्फ बनेको व्यापारिक भवन छाया सेन्टर भत्काउन सके एउटा राम्रो गरेको सुरुआत मानिने छ । सार्वजनिक जग्गा र पोखरीमा बनेको अनियमित सो भवन भत्काउन अदालतको आदेश पर्खनु पर्दैन । सयौँ वर्ष पुरानो कमल पोखरी पुरेर बनाइएको सो छाया सेन्टर बल मिच्चाइँ गरी बनाइएको सो भवन भत्काउन स्थानीय सम्पदाप्रेमीहरू लागेका थिए र लागिर हेका छन् । उक्त भवन भत्काएर पर्ती जग्गा कायम गर्न न्यायालय पुगेका थिए ।

अनियमित भवन भत्काउन माग गर्दै यसअघि सम्पदाप्रेमी र स्थानीयले पटक-पटक विरोध जुलुस तथा सभा पनि गरे । पटक-पटक हेर्न नमिल्ने २०८१ माघ २२ गतेदेखि सुनुवाइ सुरु गरेको थियो । गुठी संस्थाले पनि ठमेलस्थित कमल पोखरीको राजगुठीको जग्गा अतिक्रमण गरेको बताएको थियो । विक्रम संवत् २०३३ सालमा नापी हुँदा उक्त कमलपोखरी कित्ता नम्बर १६७२ पोखरीको डिल १०४४ कायम भएको समाचार सार्वजनिक भएकै हो । विक्रम संवत् २०३९ जेठ २४ को भूमिसुधार मन्त्रालयको जग्गाधनी प्रमाणपुर्जामा पनि उक्त कित्ताको जग्गामा पोखरी नै कायम भएको थियो । नापीपछि कि.न. १६७ को क्षेत्रफल १२ रोपनी १३ आना २ पैसा २ दाम कायम मालपोत कार्यालय रेकर्ड छ । यी सबै रेकर्डको आधारमा छाया सेन्टर रहेको भवन सार्वजनिक जग्गा या सम्पत्तिमा बनेको स्पष्ट छ । यो सार्वजनिक जग्गा या सम्पत्तिमा बनेको स्पष्ट छ । यो वास्तविकता छोप्न कसले कोसँग मिलेमतो गरेर र खाएर सार्वजनिक जग्गामा सो भवन ठड्याइएको हो । यसरी कसैको बल मिचाइँ, मिलेमतोमा बनाइएको सो घर भत्काउन काठमाडौँ महानगरपालिका आफै अग्रसर हुनुपर्थ्यो । भनिन्छ, सो भवनमा विगतको सरकार र हाल सरकारमा रहेका पार्टीका मान्छेहरूको साथ र सहयोग रहेको छ । यसरी सरकारमा रहेका व्यक्तिहरूको


***बाँकी पृष्ठ ८ मा***


# राष्ट्रपति ओर्टेगाद्वारा ट्रम्पको तीव्र आलोचना



सान जोस, ८ वैशाख (एएफपी) । मध्यपूर्वमा चर्किँदै गएको युद्धको पृष्ठभूमिमा निकारागुआका राष्ट्रपति डेनियल ओर्टेगाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि कडा व्यक्तिगत आक्षेप लगाउँदै उहाँलाई ‘मानसिक रूपमा अस्थिर’ रहेको टिप्पणी गर्नुभएको छ । इरानविरुद्धको सैन्य आक्रमणलाई लक्षित गर्दै गरिएको यस्तो अभिव्यक्तिले वासिङ्टन-मानागुआ सम्बन्धमा थप तिक्तता ल्याउने सङ्केत दिएको छ ।

राज्यद्वारा सञ्चालित सञ्चारमाध्यममार्फत प्रसारित मानागुआस्थित एक कार्यक्रममा बोल्दै ओर्टेगाले वर्तमान अमेरिकी नेतृत्वको युद्ध सञ्चालन शैलीलाई असामान्य र खतरनाक भएको बताउनुभयो । उहाँका अनुसार यस्तो आक्रामक नीति ‘आफ्नो नियन्त्रण गुमाइसकेको व्यक्तिको व्यवहार’ जस्तो देखिन्छ, जसले आफूले चाहेको कुनै पनि क्रूर कदम चाल्न सक्छ भन्ने मानसिकता झल्काउँछ । उहाँले यसलाई ‘मानसिक अस्थिरताको समस्या’ भन्दै थप कडा टिप्पणी गर्नुभएको थियो ।


फेब्रुअरी २८ मा इरानविरुद्ध संयुक्त राज्य अमेरिका र इजरायलले संयुक्त रूपमा सुरु गरेको आक्रमणपछि ओर्टेगाले लगातार ट्रम्पको आलोचना गर्दै आउनुभएको छ । उहाँको भनाइमा उक्त युद्धले क्षेत्रीय मात्र नभई, विश्वव्यापी अस्थिरता बढाएको छ ।

ओर्टेगाले ट्रम्पको सामाजिक सञ्जाल गतिविधिलाई समेत विवादास्पद भन्दै आलोचना गर्नुभयो । विशेषगरी ट्रम्पले आफ्नो ‘ट्रुथ सोसल’ प्लेटफर्ममा कृत्रिम बौद्धिकताबाट बनाइएको एउटा तस्बिर पोस्ट गरेको प्रसङ्ग उठाउँदै उहाँले त्यसलाई अस्वीकार्य व्यवहारको उदाहरणका रूपमा प्रस्तुत गर्नुभयो । उक्त तस्बिरमा ट्रम्पलाई येशू ख्रीष्टको रूपमा चित्रण गरिएको देखाइएको थियो, जहाँ उहाँ बिरामी व्यक्तिलाई निको पार्दै गरेको दृश्य देखिन्छ ।

यसप्रति प्रतिक्रिया जनाउँदै ओर्टेगाले ट्रम्पले कति जनालाई निको पारेका छन् भन्ने प्रश्न गर्दै, उल्टै युद्धमार्फत कति जनाको ज्यान गएको छ भन्ने विषयमा विश्व समुदायले जवाफ खोज्ने बताउनुभयो ।

यसैबिच, ओर्टेगाले आफ्ना परिवारमाथि लक्षित अमेरिकी प्रतिबन्धको पनि आलोचना गर्नुभएको छ । सन् २००७ देखि सत्तामा रहँदै आउनुभएका उहाँमाथि यसअघि पनि संवैधानिक संशोधन र असन्तुष्टिलाई दमन गरेर शक्ति केन्द्रित गरेको आरोप लाग्दै आएको छ, जसलाई संयुक्त राज्य अमेरिकाले बारम्बार उठाउँदै आएको छ । पछिल्लो समयमा उहाँका दुई सन्तान सुन उद्योगसँग सम्बन्धित गतिविधिमा संलग्न भएको आरोपमा अमेरिकाले प्रतिबन्ध लगाएको छ । यस कदमप्रति आक्रोश व्यक्त गर्दै ओर्टेगाले आफूलाई लक्षित गर्न नसकेपछि आफ्ना परिवारमाथि दबाब सिर्जना गरिएको टिप्पणी गर्नुभयो । उहाँका अनुसार यस्तो प्रतिबन्ध राजनीतिक उद्देश्यले प्रेरित रहेको छ ।

**व्यङ्ग्यचित्र कुनो**





**स्वतन्त्र प्रेस, सबल लोकतन्त्र।**

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



यातायात व्यवस्था कार्यालय भक्तपुरका एक कर्मचारी नयाँ सवारी लाइसेन्स वितरणका लागि मिलाउँदै । लामो प्रतिक्षापछि यातायात व्यवस्था कार्यालय भक्तपुरले सन् २०२२ देखि २०२५ सम्मका लाइसेन्स वितरण कार्य सुरू गरेको छ ।

*तस्बिर: अंगद ढकाल*

# तेइस लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइयो



काठमाडौँ, ८ वैशाख । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सञ्चालन गरेको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत करिब २३ लाख लाख बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल खुवाइएको छ ।

यही वैशाख ६ र ७ गते सञ्चालन गरिएको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत ती बालबालिकालाई भिटामिन 'ए' र २१ लाख बालबालिकालाई जुकाको औषधि खुवाइएको मन्त्रालयका सूचना अधिकारी डा. भक्त केसीले जानकारी दिनुभयो । यस्तै आठ लाख बालबालिकालाई बालभिटा खुवाइएको छ ।

देशैभरका छ महिनादेखि देखि ५९ महिनाका बालबालिकालाई भिटामिन 'ए' तथा १२ महिनादेखि ५९ महिनाका बालबालिकालाई जुकाको औषधि र छ महिनादेखि २३ महिनाका बालबालिकालाई बालभिटा खुवाइएको थियो ।

आँखाको दृष्टिलाई जोगाउने, रोग प्रतिरोधात्मक क्षमता बढाउने, कुपोषण कम गर्ने र बालमृत्युदर घटाउने सरकारले बालबालिकालाई भिटामिन 'ए', जुकाको औषधि र बालभिटा खुवाउने गरेको छ ।

राष्ट्रिय भिटामिन 'ए' कार्यक्रममा करिब ५० हजार जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा १५ हजार स्थानीय तहका स्वास्थ्यकर्मी खटिएका थिए । सरकारले हरेक आर्थिक वर्षको कार्तिक र वैशाखमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम २०५९ सालदेखि र जुकाको औषधि खुवाउने कार्यक्रम २०६७ सालदेखि सञ्चालन गर्दै आइरहेको छ । ***रासस***

# सरकारी सम्पत्ति व्यक्तिका नाममा दर्ता विवादमा
## उच्च अदालत जनकपुरको नयाँ अभ्यास

काठमाडौँ, ८ वैशाख । उच्च अदालत जनकपुर इजलासले सरकारी बाटो व्यक्तिले आफ्नो नाममा नापी गरेको विवादमा सो मुद्दाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी स्थलगत अध्ययनपश्चात् प्रतिवेदन पेस गर्न आदेश गरेको छ ।

कामु मुख्य न्यायाधीश टेकनारायण कुँवर, न्यायाधीश टीकाराम आचार्यको इजलासले उक्त जमिन सार्वजनिक कायम गरी पाउँ भनी आएको विवादमा सोमबार सो आदेश गरेको हो । पृथ्वी साह हलुवाईले जगदीश पासमानविरुद्ध दूषित लिखत बदर दर्ता बदरको मुद्दामा उक्त आदेश दिएको हो ।

विवादित जग्गाको अवलोकन निरीक्षणका लागि अदालतले पाँचबुँदे आदेश दिएको छ । सो आदेशमा विवादित स्थानको स्थलगत निरीक्षण अवलोकन गर्न २०८३ वैशाख १३ गतेको दिन तोकी मुद्दाका दुवै पक्ष स्वयं र स्थलगतरूपमा उपस्थित हुन चाहेमा निजहरूको तर्फबाट नियुक्त विद्वान् कानुन व्यवसायीलाई समेत सो दिन ठीक १०:०० बजे सम्बन्धित उपस्थित हुन पत्रमार्फत जानकारी गराउनु भनिएको छ ।

उक्त तोकिएको मितिमा स्थलगत अवलोकन यो आदेश गर्ने इजलासका न्यायाधीश आफैँले गर्ने र सो कार्यका लागि यस अदालतका रजिष्ट्रार, इजलास अधिकृत तथा सम्बन्धित फाँट प्रमुखलाई समेत उपस्थित हुन जानकारी गराउनु भनिएको छ ।

"उक्त विवादित जग्गाको नक्सा गर्ने सम्बन्धित जिल्ला अदालतको प्राविधिक (अमिन) र नापी कार्यालय, धनुषाका सर्भेयरलाई समेत विवादित स्थलमा नापजाँच उपकरणसहित उपस्थित हुन लेखि पठाई अनिवार्य रूपमा तोकिएको मिति, समय र स्थानमा उपस्थित गराउनू," आदेशमा भनिएको छ ।

दुवै पक्षलाई रोहवरमा राखी खटिएको अधिकृत तथा कर्मचारी टोलीबाट निरीक्षण अवलोकनमा देखिएका तथ्यहरूसहित प्रतिवेदन तयार पारी पेस गर्नसमेत आदेशमा भनिएको छ ।

मुद्दाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी विवादित कि.नं.का जग्गाहरू अवस्थित स्थानको प्रत्यक्षरूपमा अवलोकन तथा निरीक्षण गरी निष्कर्षमा पुग्न उचित देखिएको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७८ बमोजिम ठाउँ अवलोकन गरी प्रतिवेदन तयार पार्ने सम्बन्धमा व्यवस्था गर्न ६ बुँदे आदेश गरेको छ ।

यो आदेश उच्च अदालतले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७८ बमोजिम गरेको नयाँ अभ्यास हो । यसअघि, सर्वोच्च अदालतले वातावरणसम्बन्धी गोदावरी मार्बलको विषयमा स्थलगत अध्ययन गर्न टोली गएको थियो । ***रासस***

# 'सुरक्षित मानिस, संरक्षित वन्यजन्तु'

रसुवा, ८ वैशाख । 'सुरक्षित मानिस, संरक्षित वन्यजन्तु' भन्ने मूल नाराका साथ जन चेतनाका विविध कार्यक्रम आयोजना गर्दै लाङटाङ राष्ट्रिय निकुञ्जले ३१ औँ वन्यजन्तु सप्ताह कार्यक्रम सम्पन्न गरेको छ । सप्ताह कार्यक्रमअन्तर्गत जनचेतनामूलक-र्‍याली तथा प्रवचन र जङ्गलको अवलोकनलगायतका कार्यक्रम आयोजना गरिएका थिए ।

सो अवसरमा वन, वन्यजन्तु तथा समग्र जैविक विविधता संरक्षणको महत्त्व, वन वनस्पति र मानवप्रति गरिने सम्बन्धलगायतका विषयमा जागरण गराइएको सो कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, संरक्षण अभियन्ता, स्थानीय बासिन्दा, विभिन्न सङ्घ-संस्था, निकुञ्ज कर्मचारी तथा वन्यजन्तु सुरक्षामा अहोरात्र खटिने नेपाली सेनाको सक्रिय सहभागिता रहेको थियो ।

जङ्गल क्षेत्रमा प्रवेश गर्दा निकुञ्जको अनुमति अनिवार्य लिनुपर्ने, वनस्पति काट्न वा नास्न नपाइने, वन वनस्पति नासे मासेमा त्यसबाट हुने असरको चेतना अभिवृद्धि गराउँदै समग्र जैविक विविधताको संरक्षण, वन्यजन्तुप्रति सकारात्मक व्यवहार अपनाउने तथा साथी लिएर मात्र जङ्गल प्रवेश गर्ने संस्कार विकासमा टेवा पुगेको जनाइएको छ ।

# भक्तपुर औद्योगिक महोत्सव : ८० लाखको कारोबार

भक्तपुर, ८ वैशाख । नयाँ वर्ष २०८३ सालको अवसर पारेर भक्तपुरको सल्लाघारीस्थित १०९ रोपनी चौरमा आयोजना भएको '१० औँ भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव' सोमबार राति सम्पन्न भएको छ । महोत्सवमा करिब लाखको व्यापार भएको जनाइएको छ ।

औद्योगिक शान्ति नेपाल संस्थाले गत चैत २६ गतेदेखि सञ्चालन गरेको १२ दिने महोत्सवमा एक लाख ३० हजारभन्दा बढी दर्शक तथा उपभोक्ताले अवलोकन गरेका बताउँदै करिब रु. ८० लाखभन्दा बढीको व्यापार गरी महोत्सव सम्पन्न भएको संस्थाका अध्यक्ष सन्दीप महतले जानकारी दिनुभयो ।

महोत्सवमा एकै छानामुनि दैनिक उपभोग्य सामग्री र विभिन्न सामान पाउने भएपछि १८० वटा स्टल (कक्ष) मा दैनिक उपभोक्ताको घुइँचो लागेको थियो भने दैनिक राष्ट्रिय कलाकारबाट हुने सांस्कृतिक कार्यक्रमले राति ९:०० बजेसम्म हजारौँ दर्शकको अवलोकनका लागि घुइँचो लाग्ने गरेको थियो ।

स्थानीय उत्पादनको बजार प्रवर्द्धन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डका विभिन्न सामान एकैथलोमा सुपथ मूल्यमा उपलब्ध गराउने, भक्तपरको कला, संस्कृति, उत्पादन र सांस्कृतिक परम्परालाई एकै थलोमा प्रदर्शन गर्दै प्रचार गर्ने उद्देश्यले नयाँ वर्षको अवसरमा महोत्सवको आयोजना गरेको महोत्सवका संयोजक दीपक थापाले जानकारी दिनुभयो ।

महोत्सवमा मानवीय दैनिक जीवनमा प्रयोगमा आउने दैनिक उपभोग्य सामग्री, खाद्यान्नका सामग्री, विभिन्न्न प्रकारका लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकलाका सामग्री, औद्योगिक उत्पादन, काष्ठकला, माटाका भाँडा, स्थानीय घरेलु उत्पादन, सूचना तथा विज्ञान प्रविधि, अटोमोबाइल, विद्युतीय उपकरण, कृषि औजार, मोबाइल तथा इलेक्ट्रोनिक्स सामानको प्रदर्शनी तथा बिक्री लागि राखिएको उहाँले जानकारी दिनुभयो ।

महोत्सवमा मुख्य आकर्षणको रूपमा राखिएको 'लन्डन ब्रिज' मा फोटो तथा भिडियो खिच्नेहरूको भीड देखिन्थ्यो भने बालबालिकादेखि यवायुवतीसम्म बाल उद्यान, रोटेपिङ, ड्रागन ट्रेन, नाउ तथा बच्चाका विभिन्न प्रकारको खेलौना र विभिन्न प्रकारका खानामा उपभोक्ताको त्यत्तिकै भीड देखिन्थ्यो ।

**चर्चित गायक गायिकाको दैनिक सांस्कृतिक उत्सव**

महोत्सवमा दैनिक रूपमा चर्चित गायकगायिकाले यहाँको साङ्गीतिक माहौललाई उत्साहमा परिणत गरेका छन् । राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारहरूको गीतसङ्गीतले महोत्सवमा युवापुस्ताको भीड उत्तिकै बढेको थियो ।

महोत्सवमा भक्तपुर वाइल्ड फायर नाइट नाम दिएर चर्चित गायक प्रमोद खरेल एन्ड परम्परा ब्याण्ड र दुर्गेश थापाको संयक्त प्रस्तुतिदेखि दैनिक हुने सांस्कृतिक कार्यक्रममा चर्चित गायक रामकृष्ण ढकाल, लोकगायक नवराज घोरासैनी, चर्चित गायिका रचना रिमाल, एलिना चौहान, मञ्जु पौडेल, रोज मोक्तान, मदन विष्ट, रमेश मेलोडी, जङ्की रोयल्स ब्यान्ड, भोजराज काफ्ले, गड एक्स, मीना गिरी, प्रिती पासवान, उर्गेन डोङ, सोनु कुस्मी, कपिल कसपाल, जोकर, राजेन्द्र गुन्द्रुकेलगायतको प्रस्तुति र नृत्य प्रतियोगिताले महोत्सवको रौन थपेको थियो । महोत्सवको सोमबार सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले समापन गर्नुभयो । ***रासस***

# अटिजम्सम्बन्धी तीनदिने विशेष तालिम सम्पन्न

काठमाडौँ, ८ वैशाख । अटिजमसम्बन्धी चेतनाबाट व्यवहारिक कार्यान्वयनतर्फ केन्द्रित तीनदिने 'विशेष शिक्षा तालिम र सेमिनार' सोमबार सम्पन्न भएको छ । कार्यक्रम मुख्य आयोजक नेपाल एकेडेमी अफ साइकोलोजीको अग्रसरतामा मेन्टल हेल्थ नेपाल र स्कोप अफ होप फाउन्डेसन भारतसँगको सहकार्यमा आयोजना गरिएको हो ।

अटिजम एक विकासात्मक अवस्था हो, जसले व्यक्तिको सामाजिक अन्तरक्रिया, सञ्चार कौशल र व्यवहारमा विविधता ल्याउँछ । यसमा मुख्य रूपमा सामाजिक सञ्चारमा कठिनाइ आँखाको सम्पर्क कम हुनु, सामाजिक सङ्केत नबुझ्नु, सम्बन्ध विस्तार गर्न गाह्रो हुनु र दोहोरिने तथा सीमित व्यवहारजस्तै एउटै काम दोहोर्‍याउने, नियम पालनामा कडाइ, विशेष विषयमा अत्यधिक रुचि, संवेदसम्बन्धी संवेदनशीलतालगायत देखिन्छ ।

अटिजमलाई 'स्पेक्ट्रम' भनिन्छ किनभने प्रत्येक व्यक्तिमा लक्षण र आवश्यकता फरक-फरक हुन्छन् । अटिजम भएका कसैलाई धेरै सहयोगको आवश्यकता हुन्छ भने कसैले सामान्य सहयोगबाट पनि स्वतन्त्र रूपमा जीवनयापन गर्न सक्ने तालिमका प्रशिक्षक एवं नेपाल एकेडेमी अफ साइकोलोजीका निर्देशक उमङ्गजङ्ग पराक्रम शाहले बताउनुभयो ।

अटिजमसहितको अवस्था देखिनुमा कुनै एकमात्र कारण हालसम्म एकिन हुन नसकेको बताउँदै उहाँले वंशाणुगत प्रभाव र मस्तिष्कको विकाससँग सम्बन्धित फरकपन मुख्य कारण मानिएका जानकारी दिनुभयो ।

"यसका सङ्केतहरू प्राय: बालबालिका ६ देखि १२ महिना हुँदा देखिन सुरु हुन्छन् भने १८ देखि २४ महिनामा अटिजमको विश्वसनीय पहिचान गर्न सकिन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर हरेक १०० मध्ये एक बालबालिकामा अटिजम हुने अनुमान गरिएको छ भने संयुक्त राज्य अमेरिकामा भने हरेक ३१ बालबालिकामध्ये एक जनामा अटिजम हुने तथ्याङ्क सार्वजनिक गरेको छ," प्रशिक्षक शाहले भन्नुभयो ।

अटिजमको पहिचानसहितको जनसङ्ख्या अत्यधिक रूपमा वृद्धि भएको देखिए पनि अनुसन्धानकर्ताका अनुसार यसको मुख्य कारण बढ्दो चेतना, प्रभावकारी स्क्रिनिङ तथा प्रारम्भिक पहिचान प्रणालीमा सुधार हो ।

"अटिजम कुनै निको पार्नुपर्ने रोग होइन बरु यो एक विविध मानवीय अवस्थामध्येको एक अवस्था हो । सामाजिक अवरोधलाई हटाई, स्वीकारोक्ति र समतासहितको समावेशी वातावरणले अटिजमसहितका व्यक्तिलाई सहजताका साथ जीवनयापन गर्न सहयोग गर्छ," शाहले भन्नुभयो । उहाँका अनुसार व्यवहार थेरापी, बोल्ने (स्पिच) थेरापी, अकुपेसनल थेरापी, विशेष शिक्षा तथा अन्य शैक्षिक र व्यवहारिक समर्थनले व्यक्तिको जीवनलाई सहज बनाउन सक्छ ।

हाल संसारभरि कसैको दया, माया र दानमा आधारित सहायताभन्दा पनि अधिकारमा आधारित सहायता अटिजमसहितका व्यक्तिले प्राप्त गर्नुपर्दछ भन्ने आवाज तीव्र रूपमा उठिरहेको प्रशिक्षक शाहले बताउनुभयो । शैक्षिक जीवनमा समेत अलग्याएर छुट्टै पढाउनु वा सिकाउनुको साटो अत्यन्तै कम बाधा हुने वातावरणमा पर्याप्त सहायतासहित समावेशी शिक्षा, सिकाइ र सहयोगको पहुँचलाई महत्त्व दिइएको छ । आजको दिनमा अटिजमलाई समस्याका रूपमा भन्दा पनि न्यूरो-विविधताको रूपमा हेरिनुपर्ने आवाज बुलन्द हुँदै आएको उहाँको भनाइ छ ।

तालिम समापन कार्यक्रममा सगरमाथा टेलिभिजनका अध्यक्ष निर्मल गुरुङ, समाजसेवी तथा राजनीतिक विश्लेषक प्रकाश रायमाझी, प्राडा प्रेमकुमार खत्री, सह प्राडा अस्वत्थामाभक्त खरेल, प्रा. कृष्ण आचार्य, डा. राजेन्द्र खत्री, डा. बिनिता सिंह, अटिजम स्पेसलिस्ट तथा मनोविद् भगवती भट्टराई, बैङ्कर हरि आचार्यलगायतले अटिजमका बारेमा जनचेतना जगाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका मुख्य प्रशिक्षक भारतको मुम्बईबाट आउनुभएका विपिन मौर्य (विशेष शिक्षक तथा संस्थापक, स्कोप अफ होप फाउन्डेसन) रहनुभएको थियो । कार्यक्रमका प्रशिक्षक नेपाल एकेडेमी अफ साइकोलोजीका निर्देशक तथा साइकोलोजी, समावेशी/विशेष शिक्षा र राजनीतिक विज्ञानलगायत बहुविषयगत अनुसन्धानकर्ता शाह रहनुभएको थियो । ***रासस***

## सङ्क्षिप्त समाचार

# वर्षौंदेखि खेर जाँदै बहुमूल्य जडीबुटी

काभ्रेपलाञ्चोक, ८ वैशाख । यहाँको सरकारी वन क्षेत्रमा ‘जडीबुटी’ को प्रचुर सम्भावना रहेको देखिएको छ । हाल यहाँको एक लाख ४० हजार किलोसम्म जडीबुटी सङ्कलन गर्न सकिने डिभिजन वन कार्यालय धुलिखेलको तथ्याङ्कले देखाएको छ ।

वन नियमावलीअनुसार तोकिएका जडीबुटी अनुमति लिएर सङ्कलन गर्न सकिने भए तापनि हालसम्म कसैले चासो नदिँदा बहुमूल्य जडीबुटी खेर गएको हो । कार्यालयको रणनीतिक कार्ययोजनाअनुसार सरकारी वन क्षेत्रबाट ३१ प्रकारका जडीबुटी सङ्कलन गर्न सकिने उल्लेख छ ।

यस वर्ष पाँच-औंले तीन हजार छ किलो, वन लसुन एक हजार २००, सतुवा एक हजार ६५०, पाखनवेद सात हजार ५००, जटामसी चार हजार ५००, पाषणवेद तीन हजार किलो सङ्कलन गर्न सकिने कार्यालयले छ । यसैगरी कुरिलो एक हजार पाँच किलोग्राम, ठुलो ओखती दुई हजार २५०, मजिठो एक हजार ५००, सुगन्धवाल एक हजार ५००, बुहारीझार छ हजार, निमपात तीन हजार किलोग्राम सङ्कलन गर्न सकिने कार्यालयका सूचना अधिकारी वन अधिकृत सरिता लामाले जानकारी दिनुभयो । उहाँका अनुसार धसिङगरे छ हजार किलोग्राम, तितेपाती दुई हजार ८००, गुर्जो एक हजार ६००, कालीकाठ १५ हजार, बेल तीन हजार, अमला एक हजार ७६०, सिलटीमुर सात हजार ५०० किलो सङ्कलन गर्न सकिनेछ । त्यसैगरी कण्ठकारी ८०० किलोग्राम, हर्रो एक हजार २००, बर्रो एक हजार ६००, पिपला १२ हजार, बनकरेला दुई हजार, नुनढिकी एक हजार ७५०, काफल आठ हजार, काउलो ६००, सिस्नु सात हजार दुई, चिराइतो १५ हजार र कुकुरडाइनो दुई हजार किलो सङ्कलन गर्न सकिने छ । जिल्लामा ५८४ सामुदायिक वन, ४६० कबुलियति वन, एक धार्मिक वन तथा १२ निजी (दर्ता) वन रहेका छन् । ***रासस***

# चौबिस घण्टामा ट्राफिक प्रहरीद्वारा तीन हजार बढीलाई कारबाही

काठमाडौँ, ८ वैशाख । ट्राफिक प्रहरीले पछिल्लो २४ घण्टाका अवधिमा काठमाडौँ उपत्यकामा तीन हजार ५०१ जना सवारी चालकलाई कारबाही गरेको छ । मङ्गलबार बिहानसम्म मादक पदार्थ (मापसे) मा ७७, अवस्था ठीक नभएको ६९, रातो बत्तीमा १५८, तीव्र गति ८९, लेनमा १७२, ढोका खुल्ला ५७, नो हर्न ७७, ओराल्ने र चढाउनेमा ५५, अन्यमा दुई हजार ७४७ गरी तीन हजार ५०१ जना सवारी चालकलाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “विभिन्न गल्तीका पछिल्लो २४ घण्टे कारबाही सङ्ख्या तीन हजार ५०१ जना रहेका छन् । कारबाहीबाट जम्मा राजस्व रकम रु. २५ लाख १५ हजार ५०१ रहेको छ ।” ***रासस***

# सम्झौता म्याद सकिएको एक वर्षमा पनि बनेन पुल

मान्म (कालीकोट), ८ वैशाख । निर्माण सम्झौताको म्याद सकिएको एक वर्ष बित्दा पनि यहाँको पलाँता र पचालझरना गाउँपालिकालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने पक्की पुल निर्माण भएको छैन । पलाँता गाउँपालिकालाई पूर्ण रूपमा तथा पचालझरना गाउँपालिकाका-१ देखि ५ नं वडासम्म राष्ट्रिय सञ्जालसँग जोड्ने सो पुल निर्माणको ठेक्का सम्झौता म्याद सकिँदा काम नभएको हो ।

कर्णाली प्रदेश सरकारबाट आयोजना स्वीकृत भई भौतिक पूर्वाधार विकास कार्यालय कालीकोटले ठेक्का सम्झौता गरेको थियो । तर, हालसम्म पुल निर्माण गर्ने स्थानमा खाल्डो खन्नेबाहेक कुनै काम भएको छैन । पुल निर्माणका लागि श्री हिराचन-क्याराभान सुपरस्टार जेभी, गोपिकृष्णनगर-७ काठमाडौँले ठेक्का लिई २०७७ असोज १३ गते सम्झौता गरेको थियो ।

सम्झौताअनुसार २०८१ चैत २५ गतेभित्र पुल निर्माण सम्पन्न गर्नुपर्ने थियो । समयमा काम गराउन धेरै प्रयास गरिएको तर निर्माण व्यवसायीले अटेर गरेको भौतिक पूर्वाधार विकास कार्यालय कालीकोटका प्रमुख प्रभाकर सिंहले बताउनुभयो । “२०८४ असार मसान्तसम्म म्याद थप गरिएको छ,” उहाँले भन्नुभयो । ***रासस***

# तराई क्षेत्रमा तातो लहरको सम्भावना

काठमाडौँ, ८ वैशाख । हाल नेपालमा पश्चिमी स्थानीय वायुका साथै पूर्वी नेपालको नजिक रहेको न्यून चापीय प्रणालीको पनि आंशिक प्रभाव रहेको छ । यसको प्रभाव रहँदा हिमाली भू-भागमा साधारणतया बादल लाग्ने छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाद्वारा जारी मौसम ‘बुलेटिन’ का अनुसार कोसी प्रदेशको पहाडी र तराई तथा बाँकी पहाडी भू-भागमा आंशिक बादल लाग्ने र बाँकी तराई भू-भागमा मौसम मुख्यतया सफा रहनेछ । देशका हिमाली भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना रहेको ‘बुलेटिन’मा जनाइएको छ ।

साथै मधेसलगायत वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई साथै उपत्यका र खोचहरूमा तातो दिन हुने सम्भावना रहेको छ भने लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा तातो लहरको पनि सम्भावना देखिन्छ ।

महाशाखाका अनुसार मङ्गलबार राति हिमाली भू-भागमा आंशिक बादल लाग्ने र पहाडी र तराई भू-भागमा मौसम मुख्यतया सफा रहने र कोसी र गण्डकी प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको छ । ***रासस***




**बन्द गरिएको नेपाल-भारत सीमा नाका**

इलामको पशुपतिनगरस्थित बन्द गरिएको नेपाल-भारत सीमा नाका । भारतको पश्चिम बङ्गालमा यही वैशाख १० गते विधानसभाको निर्वाचन हुने भएकाले हिजो साँझबाट निर्वाचन सम्पन्न नभएसम्मका लागि सीमानाका बन्द गरिएको हो । *तस्बिरः मनोज अधिकारी/रासस*

# महिला सामूहिक बेमौसमी तरकारीखेतीमा आकर्षित

टीकापुर, ८ वैशाख । कैलालीको टीकापुरका महिला बढी आम्दानी लिनका लागि बेमौसमी तरकारीखेतीमा सम्लग्न भएका छन् ।

टीकापुर-१ सत्घरुवामा महिलाहरूले जीविकोपार्जनका लागि सामूहिक रूपमा बेमौसमी तरकारीखेती गरेका छन् । सत्घरुवामा रहेको मिलिजुली कृषक समूहमा विपन्न वर्गका २३ महिलालाई छनोट गरी समूह बनाएर तरकारीखेतीमा लगाइएको छ ।

विगतमा ज्याला मजदुरी गर्ने महिलाहरू समूहमा आबद्ध भएपछि १२ कट्ठा जमिन भाडामा लिएर खेती गरिरहेका छन् । महिलालाई स्थानीय पालिकाको कृषि विकास शाखाको समन्वयमा दिगो विकास समाज भजनीले समुदाय सशक्तीकरण तथा विकासका लागि स्थानीय पहल परियोजनाले कृषक अगुवा तालिम, प्राविधिक ज्ञान को छ । जसले महिलाहरूलाई बेमौसमी तरकारीखेतीसम्बन्धी ज्ञान भएको छ ।

अहिले उनीहरूको बारीमा काउली, टमाटर, खुर्सानी, भिन्डी, आलुलगायतका तरकारी लगाइएको छ । मङ्सिरमा रोपेको आलु बिक्रीका लागि तयार भएको छ । यसरी बेमौसमी तरकारीखेती गरिरहेका महिला किसानलाई सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान सङ्कायका विद्यार्थीले प्राविधिक सहयोग गरिरहेका छन् । प्राविधिकले फरक फरक तरिका र प्रविधिले खेती गर्दा कस्तो उत्पादन हुन्छ भनी अध्ययन भइरहेको र किसानलाई सिकाउने गरिएको प्राविधिक विद्यार्थी लक्ष्मी थारुले बताउनुभयो । उहाँ भन्नुहुन्छ, “हामीले एउटै खेतीलाई पनि फरकफरक तरिकाले गरेर उनीहरूलाई सिकाइरहेका छौँ । बाली संरक्षण, वातावरण संरक्षणसँगै बढी उत्पादन कसरी लिन सकिन्छ भनेर पनि सिकाइरहेका छौँ ।”

महिलाहरू जीविकोपार्जनसँगै खेती गर्दा आइपर्ने विपद्बारे समेत सचेत भएका आशा चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, “मजदुरी गर्ने महिला आयआर्जनमा लागेपछि उनीहरू जीवन सहज भएको छ । अब ज्यालादारी गर्न जाँदैनन्, बारीमै काम गर्छन्, घरमै तरकारी बिक्री हुन्छ । खेतबारीमै आम्दानी लिन पाउँदा खुसी भएका छन् ।”

किसान कृष्णी चौधरीलगायत उहाँका २३ जना छिमेकी साथीहरू ज्यालादारी काम गर्थे । परियोजनाले जग्गा भाडामा लगेर तरकारीखेतीमा लगाएपछि अहिले तरकारीखेतीको आम्दानीले घर चलाउन, समस्या टार्न सहयोग भएको बताउनुभयो । उहाँले भन्नुभयो, “दुई वर्षका लागि जग्गा लिजमा लगिदिएको छ, हामीले खेती गरेर आम्दानी लिने हो । हामीले धेरै कुरा सिक्यौँ, धेरै वर्ष कठिन श्रम ज्यालादारीमा समय बितायौँ, अब आम्दानी गर्ने बाटो सिकेका छौँ, यही तरकारीखेतीमै भविष्य देखेका छौँ ।”

त्यसैगरी, दशघरुवामा महिलाहरूले प्याजखेतीसमेत गरेका छन् । उनीहरूले गरेको प्याज अहिले बिक्रीका लागि तयार भएको छ । किसान महिलाले अर्गानिक तरकारी उत्पादन गर्ने भएकाले बजारको समेत समस्या छैन । उनीहरूले यहाँ उत्पादन भएको तरकारी केही घरमै र बचेको कृषि हाट बजारमा बिक्री गर्ने गरेका छन् । यसरी खेती गरिरहेका आफूलाई स्थानीय पालिकाले अनुदान दिने, आवश्यक कृषि औजार, पोली हाउसलगायतका सामग्री दिए सहज हुने उनीहरूको भनाइ छ । ***रासस***

# घान्द्रुकमा पर्यटकीय चहलपहल

गण्डकी, ८ वैशाख । कास्कीको अन्नपूर्ण गाउँपालिका-१० र ११ स्थित रमणीय गाउँ घान्द्रुकमा यतिबेला पर्यटकको चहलपहल बढेको छ । दोस्रो मुख्य पर्यटकीय याम सुरु भएसँगै यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आवतजावत बाक्लिएको हो ।

घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले सप्ताहन्तमा दैनिक एक हजारदेखि एक हजार २०० सम्म पर्यटक आउने गरेका जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “अन्य दिनमा पनि छ-सात सय पर्यटक भित्रिरहेका छन् । सरकारले सातामा दुई दिन बिदा दिने निर्णय गरेपछि पर्यटकीय गतिविधि थप बढ्ने अपेक्षा लिइएको छ ।”

‘सबै मौसममा पर्यटन’ को मूलमन्त्रसहित स्थानीय पर्यटन व्यवसायीले घान्द्रुकको प्रवर्द्धन गर्दै आएका छन् । संस्कृति र प्रकृतिको सङ्गमस्थल मानिने घान्द्रुक अन्नपूर्ण चक्रीय पदमार्गको आकर्षक गन्तव्यस्थलमा पर्छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत इलाका संरक्षण कार्यालयका प्रमुख भीमप्रसाद उपाध्यायले घान्द्रुक हुँदै अन्नपूर्ण क्षेत्रको घुमफिर गर्न आउनेमध्ये बढी भारतीय पर्यटक रहेको बताउनुभयो । यो याममा एकैदिनमा ८५६ जनासम्म विदेशी पर्यटक यस क्षेत्रमा आएको उहाँको भनाइ छ ।

पछिल्लो समय भारतीय पर्यटकको सङ्ख्या बढ्दो छ, आन्तरिक पर्यटन पनि उत्तिकै फस्टाएको छ । चल्तीका पदमार्ग, आकर्षक गन्तव्यस्थल र व्यवस्थित पर्यटकीय पूर्वाधारका कारण यस क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको कार्यालय प्रमुख उपाध्यायको भनाइ छ । सडकको पहुँच विस्तारले घान्द्रुकमा आन्तरिक पर्यटकको आवतजावत पछिल्लो समय बढेको हो ।

अन्नपूर्ण गाउँपालिका-१० का वडाध्यक्ष गौतम गुरुङले घान्द्रुकलाई पर्यटन बजारमा बिकाइराख्न यहाँको मौलिकता र पहिचान जोगाउनुपर्ने बताउनुभयो । पछिल्लो समय तीव्र रूपमा निर्माण भइरहेका कङ्क्रिटका संरचनाले गाउँको मौलिक स्वरूप बिगारेको उहाँको भनाइ छ । परम्परागत सामग्री र शिल्प प्रयोग गरेर घर निर्माण गर्नेलाई गाउँपालिकाले अनुदानको नीति ल्याउन लागेको वडाध्यक्ष गुरुङले बताउनुभयो ।

विसं २०२६/२७ तिर स्थानीय शङ्करमान गुरुङले घान्द्रुकमा पर्यटनको जग बसाल्नुभएको थियो । घान्द्रुक गाउँ अहिले चल्तीको गन्तव्यका रूपमा देशीविदेशीमाझ परिचित छ । बर्सेनि हजारौँ पर्यटकले यहाँ पाइला टेक्छन् । प्रकृति र संस्कृतिमा रमाउँछन् । पर्यटकीय चहलपहल बढे पनि घान्द्रुकको असली पहिचान गुम्ने हो कि भन्ने पिरलो गुरुङलगायत गाउँका अगुवालाई छ ।

घान्द्रुक उहिलेको जस्तो छैन । जीवनशैली, रहनसहन फेरिँदो छ । नयाँ बनिरहेका संरचनाले गाउँको मौलिक स्वरूप भने खल्बलिएको छ । पर्यटकको आवतजावत बढेसँगै करोडौँ लगानीमा होटलदेखि रिसोर्टसम्म खुलेका छन् । आधुनिकताले गाउँको पुरानो चिनारीलाई विस्थापित गर्दैछ ।

मौलिकता जोगाउन नसके घान्द्रुकको पर्यटनको भविष्य पनि सङ्कटमा पर्ने देखेर स्वयं पर्यटन व्यवसायी पनि चिन्तित छन् । घान्द्रुकबाट नजिकै देखिने अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाको दृश्य यहाँको मुख्य आकर्षण हो । घान्द्रुकको गाउँले परिवेश र संस्कृतिले पर्यटकलाई लोभ्याउने गरेको छ ।

पर्यटन व्यवस्थापन समितिका अनुसार घान्द्रुकमा रिसोर्टसहित ८० वटा होटल छन् भने पैतीस वटा घरबास छन् । पर्यटन व्यवसायमा अर्बौंको लगानी छ । सयौँले रोजगारी पाएका छन् । भारतीय, चिनियाँदेखि युरोप, अमेरिकासम्मका पर्यटक यहाँ आउने गरेका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्रको अन्नपूर्ण आधार शिविर, म्याग्दीको पुनहिल-घोरेपानीलगायत जोड्ने पदमार्गमा पर्ने घान्द्रुक पर्यटकको विश्रामस्थलका रूपमा समेत लिइन्छ । पोखरा-बागलुङ राजमार्गको नयाँपुलदेखि बिरेठाँटी, स्याउलीबजार, किम्चे हुँदै पाँच-छ घण्टाको पदयात्रामा घान्द्रुक पुग्न सकिन्छ । मोटरमा पोखराबाट घान्द्रुक पुग्न दुई घण्टा लाग्छ । ***रासस***

# भारतीय चुनावका कारण पूर्वीसीमा ७२ घण्टाका लागि बन्द

झापा, ८ वैशाख । भारतको पश्चिम बङ्गाल प्रान्तमा हुने विधानसभाको चुनावलाई लक्षित गर्दै सोमबार साँझदेखि ७२ घण्टाका लागि पूर्वी सीमानाका बन्द गरिएको छ ।

भारतको दार्जिलिङ जिल्ला प्रशासन कार्यालयले सोमबार साँझ ६:०० बजेदेखि वैशाख १० गते मतदान सम्पन्न नभएसम्म काँकरभिट्टासँग सीमा जोडिएको पानीटङ्की नाकाबाट मानिस तथा सवारीसाधन आवतजावत पूर्ण रूपमा बन्द गरेको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले जानकारी दिनुभयो ।

भारतको पश्चिम बङ्गालमा वैशाख १० गते विधानसभाको चुनाव हुँदैछ । विगतमा पनि नेपाल र भारत दुवैतर्फ चुनावअघि सहमतिमा नाकामा आवागमन बन्द गरिँदै आइएको थियो । ‘बोर्डर शिल’ गरिएको अवधिमा पैदल हिँड्ने सर्वसाधारण र सवारीसाधनको आवतजावत पूर्ण रूपमा बन्द गरिने भए पनि उपचारका लागि बिरामी र अतिजरुरी कामका लागि परिचय देखाएर सीमामा आवतजावत गर्न दिइने जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खड्काले जानकारी दिनुभयो ।

। सम्पादकीय ।

# सतही निर्णयले परिवर्तनको अनुभूति नहुने

नेका र एमालेको नेतृत्वमा बनेको पहिलेको सरकारले एमसीसी सम्झौता पारित गरेर र नागरिकता विधेयक पारित गरेर देशलाई दूरगामी असर पार्ने कार्य गरेको थियो । पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने त्यो सरकारले बहुमत जनताको पक्षमा खासै कुनै काम गर्न सकेन । अहिले पनि बहुमत प्राप्त सरकार बनेको छ । यो सरकार पनि पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने सरकार हो । पाँच वर्षभित्र देशलाई कहाँ पुऱ्याउने भन्ने कुनै मार्गचित्र छैन । देशको माटो सुहाउँदो कार्यनीति अघि बढाउनुपर्नेमा सरकारले विदेशमा भएको बन्दोबस्तलाई यहाँ हुबहु लागू गर्ने प्रयास थालेको छ ।

सरकारले गरेको एउटा निर्णय लागू नहुँदै या लागू हुन नपाउँदै अर्को निर्णय गरेर जनतामा अन्योल छरेको छ । विद्यालय भर्ना अभियान र नयाँ शैक्षिक सत्र सुरु गर्नेसम्बन्धी सरकारको निर्णयलाई देशका विद्यालय प्रशासन, शिक्षक, अभिभावकले आत्मसात गरेका छैनन् । त्यो समस्या समाधान नहुँदै फेरि अर्को विषय सार्वजनिक भयो - १५ दिनमै तलब । अर्धमासिक रूपमा दिने तलबले राष्ट्रसेवक कर्मचारीलाई के राहत हुने हो ? यस व्यवस्थाबाट के समस्या समाधान हुने हो ? भन्नेबारे कर्मचारीहरूमाझ बहसको विषय बनेको छ । अमेरिका र अस्ट्रेलियाजस्तो देशको चलन नेपालमा भित्र्याउँदा झन् झन्झट बढ्ने त होइन ? परिवर्तनको नाउँमा ल्याइने यस्तो निर्णयले कर्मचारी प्रशासनमा झन्झट बढ्नेछ । यसले तलब खुवाउने मन्त्रालयलाई पनि समस्या हुन्छ । हरेक १५ दिनमा तलब खुवाउने व्यवस्था गर्दा राज्यकोषमा रकम नै जम्मा भएको हुँदैन । अहिले नै सरकारले शिक्षकको तलब समयमा दिन सकेको छैन । अन्य कर्मचारीहरूले पनि समयमा तलब पाउन सकेका छैनन् भने १५ दिनमै तलब खुवाउने भनेर सतही या हचुवा निर्णय गरेर हुन्छ ?

कतिपय क्षेत्रमा त्रैमासिक र चौमासिक हिसाबले बजेट छुट्याएको हुन्छ । त्यसैको आधारमा पारिश्रमिक वितरण हुन्छ । जेठमा प्रस्तुत गरिएको बजेट असारमा पारित भए पनि असार र साउनको तलब कहिल्यै समयमा पाएको हुँदैन । तलब पाउन दुई तीन महिना कुर्नुपर्ने यो देशमा १५ दिनमै के तलबको व्यवस्था गर्न सक्ला ? के यो सरकारको अर्को अव्यवहारिक र अपरिपक्व निर्णय होइन ? १५ दिनमा आधा तलब पाउने हो भने महिना दिनमा पूरा तलब पाउने हो । फरक के भयो र ? देशको वस्तुस्थिति नबुझी केटाकेटी पाराको निर्णय गरेर के जेनजीको परिचय दिन लागेको हो ? के युवा नेताहरूको करामत देखाउन खोजेको हो ? यस्तै यस्तै सतही निर्णय गरेर सरकारले जनतामा के परिवर्तन अनुभूति दिन खोजेको हो ? महिनाको दुईपटक तलब दिने व्यवस्था नेपालको सन्दर्भमा नयाँ व्यवस्था भए पनि यो सान्दर्भिक देखिँदैन ।

१५/१५ दिनमा तलब दिने व्यवस्थालाई कतिले सकारात्मक कदम भन्दै यो व्यवस्था क्रमश: शिक्षक, सेना र प्रहरीमा पनि लागू गर्दै जानुपर्ने सुझाव दिएका छन् । यो व्यवस्था दक्षिण एसियाकै पहिलो भनी गर्व गर्ने व्यक्ति पनि देखिए । मासिक तलबबाट १० प्रतिशतको दरले रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरिदिने हालको व्यवस्थामा पनि झन् झन्झट हुनेछ । अत: निजामती कर्मचारीलाई मासिक भुक्तानी प्रणालीको सट्टा अर्धमासिक रूपमा तलब भुक्तानी गर्ने अर्थ मन्त्रालयको निर्णय सही कि गलतभन्दा त्यो व्यवस्था जरुरी छ कि छैन भन्नेतर्फ ध्यान जानुपर्छ । सरकारको एकपछि अर्को निर्णय हेर्दा विदेशमा भइरहेको व्यवस्थालाई देशको माटो सुहाउँदो छ छैन नहेरी हुबहु लागू गर्न सरकार लागिपरेको थाहा हुन्छ । सरकारको नेतृत्व गर्ने दलमा भावी दृष्टिकोण नहुँदा, स्पष्ट दिशा निर्देश नहुँदा मनलागी एकपछि अर्को निर्णय हुन लागेको राजनीतिक विश्लेषकहरूको भनाइ छ ।

रास्वपाका युवा भनिने सांसदहरूले जहाँ पनि जे पनि बोल्ने या विचार प्रकट गरेकै कारण सो पार्टीले कति सांसदलाई मन लागी नबोल्न खबरदारी गरेको थियो । रास्वपाका कति निर्वाचित सांसदहरू एक समयमा आपराधिक क्रियाकलापमा संलग्न भएका व्यक्तिहरू परे । यसरी दाग लागेका सांसदहरू मन्त्री बनेको दुई हप्ता नबित्दै मन्त्री पदबाट राजीनामा दिन बाध्य भए । अहिले गृहमन्त्री सुदन गुरुङको राजीनामा मागेको चर्चा परिचर्चा हुन थालेको छ । वैशाख ८ गते प्रकाशित 'कान्तिपुर' दैनिकमा 'सुशासनको जगमा बनेको सरकारका गृहमन्त्रीमाथि सुशासनकै प्रश्न' शीर्षकको समाचार छापियो । गृहमन्त्री गुरुङमाथि सार्वजनिक रूपमै प्रश्न उठेपछि पार्टी र सरकारले मौन बस्न नहुने रास्वपाकै नेताहरूको भनाइ रहेको छ । गृहमन्त्री गुरुङमाथि सम्पत्तिको स्रोतबारे पनि आशङ्का गरिएको छ । यसरी नै रास्वपाका अन्य सांसदहरू के कस्ता सामाजिकरूपले नैतिक पतन भएका, भ्रष्टाचार, अनियमितता र कमिसनमा फसेका, हत्या र हिंसामा परेका छन् ? त्यो समयसँगै खुल्दै जानेछ ।

यो सरकारले सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतजस्ता सयौँ सम्पदाहरूमा आगजनी गर्ने दोषीहरूमाथि कारबाही गर्ने लक्षण देखिँदैन । जेनजी आन्दोलनपछि बनेको जेनजीकै अगुवाहरूको नेतृत्वमा बनेको सरकारले छानबिन आयोग गठन गरेर कसरी निष्पक्ष छानबिन हुन्छ र कारबाहीको प्रक्रिया अघि बढाउँछ ? पूर्वप्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा बनेको सरकारले स्पष्टत: भदौ २३ र २४ गते घटेको घटनाको छानबिन गर्न गठित आयोगले भदौ २३ गतेको मात्र प्रतिवेदन तयार गरेको तस्बिरले पनि भदौ २४ गते भएको घटनाका दोषीहरूलाई छुट दिन खोजेको थाहा हुन्छ । यसरी यो सरकारले भदौ २४ गतेका दोषीहरूलाई कारबाही नगर्ने सङ्केत दिएको छ ।

# अपराधलाई पदले संरक्षण दिन मिल्दैन

**• सुनिल प्रजापति, प्रमुख भनपा**




**कानुन मानिसको जीवनको एउटा महत्त्वपूर्ण पक्ष हो । जसले देशको कानुन जाँदैन, बुझ्दैन उसले दु:ख पाउँछ । सामान्य अर्थमा जुन काम कानुनले नगर भन्छ गरेमा वा जुन काम गर भन्छ त्यो नगरेमा त्यसलाई कानुन उल्लङ्घनको आरोप लाग्छ र कतिपय अवस्थामा त्यो दण्डनीय पनि हुन सक्छ । कानुनका विद्यार्थीहरू यस्ता विषयहरूमा सधैँ सचेत हुनुपर्छ ।**

कानुन मानिसको जीवनको एउटा महत्त्वपूर्ण पक्ष हो । जसले देशको कानुन जाँदैन, बुझ्दैन उसले दु:ख पाउँछ । सामान्य अर्थमा जुन काम कानुनले नगर भन्छ गरेमा वा जुन काम गर भन्छ त्यो नगरेमा त्यसलाई कानुन उल्लङ्घनको आरोप लाग्छ र कतिपय अवस्थामा त्यो दण्डनीय पनि हुन सक्छ । कानुनका विद्यार्थीहरू यस्ता विषयहरूमा सधैँ सचेत हुनुपर्छ ।

समाजलाई व्यवस्थित रूपमा अगाडि बढाउन र सुशासन कायम गर्न नेपालमा थुप्रै भ्रष्टाचारविरोधी कानुनहरू बनेका छन् । त्यसको राम्रो कार्यान्वयन हुन सकेको छैन । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न कानुनसँगै थुप्रै संयन्त्रहरू बनेका छन् । विभिन्न नाउँका ती संयन्त्रहरूको निष्कृयता, पक्षपातपूर्ण व्यवहार र पूर्वाग्रही भावनाका कारण ती संयन्त्रहरूप्रति पनि प्रश्नहरू उठिरहेका छन् । विद्यार्थीहरूले अहिलेदेखि हरेक विषयमा राम्रोसँग अध्ययन गर्नुहोस्, बुझेर काम गर्नुहोस् । अहिले कानुन अध्ययन गर्ने तपाईं भाइ बहिनीहरू नै भोलिका राम्रा वकिल, न्यायाधीश, कानुनी सल्लाहकार र प्रशासक बन्नु हुनेछ । इमानदार, पारदर्शी र देशभक्तिको भावना भएन भन्ने समस्या हुन सक्छ । ख्वप कलेज अफ ल राम्रा कानुन विज्ञहरू तयार गर्ने उद्देश्यले स्थापना गरिएको कलेज हो । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सात वटा शैक्षिक संस्थाहरूमध्ये यो कलेज सबैभन्दा पछि २०७९ सालमा स्थापना भएको शैक्षिक संस्था हो । स्थापनाको छोटो अवधिमा यो कलेज निरन्तर प्रगतिको बाटोमा अगाडि बढिरहेको छ ।

नगरपालिकाद्वारा सञ्चालित सबै शैक्षिक संस्थाहरूमा गरी देशभरिका साढे सात हजार विद्यार्थीहरू विभिन्न विषयमा अध्ययनरत छन् । ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ आज देशभरका प्राविधिक शिक्षा दिने शैक्षिक संस्थाहरूमध्ये उत्कृष्ट कलेजहरू हुन् भने अब कानुन पढ्ने विद्यार्थीहरूका लागि देशकै उत्कृष्ट ल कलेजहरूमध्ये ख्वप कलेज अफ ललाई प्रमाणित गर्ने पालो आज भर्ना भएका र अध्ययनरत विद्यार्थी भाइबहिनीहरूको हो ।

आजका विद्यार्थीहरू नै भोलिको देशका वकिल, न्यायाधीश, प्रशासक वा अन्य महत्त्वपूर्ण क्षेत्रका कानुनी सल्लाहकारहरू बन्नुहुनेछ । इमानदार, पारदर्शी र समाज सेवाको भावना भएन भने कानुन अध्ययनले मात्र राम्रो हुने होइन । समाज सेवाको भावनाले अध्ययन गरेको खण्डमा भोलि जुनसकै क्षेत्रमा गए पनि तपाईं एक राम्रो व्यक्तित्व बन्नुहुनेछ । केही कानुन व्यवसायीहरूले विभिन्न किसिमका अनियमितता गरेका कारण कानुन पढेकाहरूप्रति जनताले राम्रो नजरले हेर्ने गर्दैनन् । त्यो ठीक होइन । सबै क्षेत्रमा राम्रो र नराम्रो भने हुन्छ ।

अहिले ठुल्ठुला पदमा बसेका धेरै मानिसहरू जेलमा परेका छन् । कानुन पढेका पनि नपढेका पनि । छिट्टै पैसा कमाउने नाउँमा कानुन हातमा लिई वा कानुन छलेर काम गर्दाको परिणाम त्यस्ता घटनाहरू भएको पाइन्छ । कानुनले भन्छ, जुन काम सिधा गर्न मिल्दैन; त्यो बाङ्गोटिङ्गो बाटोबाट पनि गर्न मिल्दैन । यसको अर्थ कानुन मिच्ने काम कहीँकतैबाट हुनु हुँदैन भन्ने हो ।

कानुन सधैँ जनताको हितमा बन्छ भन्ने पनि सत्य होइन । शासक वर्गमा जो छ, उसले आफ्नो वर्गको हितमा कानुन बनाउँछ । शोषक वर्गको शासन सत्तामा उनीहरूकै हितमा कानुन बन्छ । यस्तो अवस्थामा कानुनको शासन भनेर चिच्याउनुको पनि खास अर्थ हुँदैन । जनताको हितविपरीतका कानुनहरू छन् भने राम्रा कानुन व्यवसायीहरूले त्यसलाई बदल्ने आँट पनि गर्न सक्नुपर्छ । जनताको वकिलको अर्थ त्यही हो । कमिसन खानु आफैमा भ्रष्टाचार हो । त्यो एक प्रकारको कानुनी डकैटी हो । पुँजीवादी व्यवस्थामा कानुनले नै कमिसनको व्यवस्था गरेको हुन्छ अर्थात् भ्रष्टाचारलाई वैधता दिएको हुन्छ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनी व्यवस्था छ । स्रोत देखाउन नसकेको सम्पत्ति सबै भ्रष्टाचार ठहर्ने कानुन छ । यो कानुनलाई हुबहु कार्यान्वयन गरेको खण्डमा २०४६ सालपछि चप्पल लगाएर राजधानी छिरेर अहिले अर्बपति बनेका कोही पनि नेताहरू बच्नेवाला छैनन् । राम्रो छानबिन भएमा ठुला नेता र प्रशासकहरू घरमा होइन, जेलमा भेटिने छन् । मुद्दा चलाउन धेरै प्रमाणको खोजी गरिरहनै पर्दैन । अकुत सम्पत्ति आफै मुद्दाका लागि पर्याप्त प्रमाण हो ।

भदौ २३ गते प्रदर्शनका लागि भनी काठमाडौँमा स्कूल पोशाकमा विद्यार्थीहरूलाई बोलाइयो । आयोजकहरूका अनुसार त्यस प्रदर्शनमा विभिन्न अराजक तत्त्वहरू घुसपैठ भएर संसद् भवन जलाउने प्रयास गरियो । सरकारले गोली चलाएर ती प्रदर्शनकारीहरूमध्ये १८/१९ जना मारिए । दुई दिनको त्यो घटनामा ७६ जनाको ज्यान गएको भनिएको छ ।

भदौ २४ गतेमात्र प्रधानमन्त्री ओलीले राजीनामा दिए । त्यसपछि सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत सयौँ सरकारी कार्यालयहरू जलाए । देशको अर्बौंको सम्पत्ति क्षति भयो । त्यहीबाट संसद् विघटन र नयाँ सरकार गठन हुने स्थिति सिर्जना भयो तर आश्चर्यको कुरा केहो भने गौरीबहादुर कार्की आयोगले २३ गतेका घटनाका दोषीहरूलाई मात्र कारबाही गर्ने र अरु विषय अनुसन्धान गरी मात्र कारबाही गर्ने सिफारिस गरेको पाइयो । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाजस्ता देशका महत्त्वपूर्ण संरचनाहरू जल्दा पनि कसले जलाए ? प्रतिवेदन मौन छ ।

२३ गते प्रदर्शनकारीहरूलाई गोली हानी हत्या गर्नु जति अपराध थियो, त्यस्तै देशका सम्पदा, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका जलाउनेहरू पनि उतिकै दोषी होइनन् र ? छानबिन आयोग एकतर्फी भयो, निष्पक्ष हुन सकेन भन्ने आरोप कार्की आयोगमाथि छ । त्यसको स्पष्ट पार्नुपर्छ । २४ गतेको घटनाको मुख्य दोषीको आरोप लागेकाहरू नै अहिले सरकारको महत्त्वपूर्ण पदमा छन् । पदमा बस्नेलाई कारबाही नहुने अरुलाई मात्र कारबाहीको दायरामा ल्याउने यो कस्तो न्याय हो ? पदमा हुनु नै आरोपबाट मुक्ति पाउने अस्त्र हुनु हुँदैन । निष्पक्ष छानबिन हुनुपर्छ भन्ने जनताको माग छ ।

नेपाली सेनामाथि पनि गम्भीर आरोप छ । आफ्नै परमाधिपति रहेको राष्ट्रपति भवन सुरक्षा गर्न नसक्ने, देशका महत्त्वपूर्ण अङ्गहरू संरक्षण गर्न नसक्ने, सयौँ सरकारी भवनहरू बचाउन नसक्ने सेनाका के काम भन्ने प्रश्न पनि अहिले उठिरहेको छ । यसको चित्तबुझ्दो जवाफ सम्बन्धित पक्षले दिनुपर्ने देखिन्छ ।

कार्की आयोगले धेरैसँग बयान लिएको थियो । त्यसमध्येको एक वर्तमान गृहमन्त्रीको पनि छ । उनले आयोगसमक्ष दिएको बयान प्रतिवेदनको २८२ पेजमा छापिएको छ । बयानमा उनले भनेका छन्- "भदौ २४ गते प्रहरी महानिरीक्षक चन्दकुवेर खापुङ र सहायक प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले समेत मलाई फोन गरी प्रहरी प्रधानकार्यालय जोगाइदिनु भनेकाले म र मेरो टीम Discord (डिसकर्ड) मार्फत प्लेटफर्ममा जम्मा भई जोगाइदिएको भन्ने उल्लेख छ । प्रहरी प्रधानकार्यालय जोगाइदिन सक्ने त्यो कुन शक्ति हो ? आन्दोलनमा पानी वितरण गर्न आएको भनेर आफैले पटक-पटक अन्तर्वार्तामा व्यक्त गर्ने व्यक्ति हुन् गृहमन्त्री । यसर्थ सेना, प्रहरीभन्दा माथि अर्को ठुलो शक्तिले आन्दोलन गरेको भन्ने स्पष्ट देखिन्छ ।

यी र यस्ता सबै विषय निष्पक्ष छानबिन गरी दोषीहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग अहिले उठिरहेको छ ।

अन्त्यमा, यो कलेज विभिन्न समस्याहरूबिच सञ्चालन गरिरहेका छौँ । सुरु सुरुमा पढ्नेहरूले यस्तै कठिनाइ भोग्नुपर्ने हुन सक्छ तर भवन वा भौतिक पूर्वाधारले मात्र शैक्षिक गुणस्तर राम्रो हुने होइन । सबैको संयुक्त प्रयासले कलेजलाई अगाडि बढाउने हो । आजको ख्वप मावि, वागीश्वरी माविको सानो कोठाबाट सुरु भई आज त्यही जगमा सात वटा शैक्षिक संस्थाहरू स्थापना र सञ्चालन भइरहेका छन् । नयाँ विद्यार्थीहरूले राम्रो अध्ययन गरेर जनताको सेवामा समर्पित भएर लाग्न सकून् भन्ने शुभकामना दिन्छु ।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप कलेज अफ लको आयोजनामा चैत २७ गते सम्पन्न नव-आगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा शुभकामना कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप )*

# आज इरान, भोलि अफ्रिका

● तफी म्हका

इरानमाथि इजरायल र अमेरिकाको आक्रमणका क्रममा केही साताभित्रै हजारौँ मारिए । आक्रमणको पहिले दिनमै 'सजरेह तैयबेह' बालिका प्राथमिक विद्यालयमा बम खस्दा १७५ कलिला बालिकाहरू तथा विद्यालयका स्टाफ मारिएका थिए । उसो त यस्तो हिंसाको लामो र परिचित इतिहास छ । गाजादेखि लेबनानसम्म र अहिले इरानमा आमनागरिकले साम्राज्यवादको मूल्य तिरिरहेका छन् । खासमा विश्वशक्ति र तिनका सहायकको आक्रामकताको सिकार आमनागरिकहरू मात्र भएका छैनन् । २८ फेब्रुअरीको इजरायली आक्रमणमा इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनी र वरिष्ठ सैन्य अधिकारीसमेत मारिएका थिए ।

अफ्रिकीहरूका लागि हजारौँ किलोमिटर टाढा घटेको यस सङ्कट दूरीका हिसाबले टाढा भए पनि भोगाइका हिसाबमा भने टाढा छैन । खाडीमा देखिएको अस्थिरताले अफ्रिकाभर इन्धन मूल्यमा देखिएको वृद्धि त अन्यत्र पनि देखिएकै परिघटना हो । तर, यस द्वन्द्वमा अफ्रिकाको सम्बन्ध आर्थिक मात्र नभई कानुनी र राजनीतिक पनि छ । अर्थात्, एउटा राज्यले अर्को राज्यमाथि बल प्रयोगको प्रश्नले सीधै अफ्रिकी देशलाई पनि छुन्छ ।

संयुक्त राष्ट्र सङ्घको बडापत्रको 'धारा २ (४)'ले राज्यहरूलाई आत्मरक्षाबाहेकको अवस्थामा वा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अनुमतिबाहेक अर्को देशको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध सैन्य बल प्रयोग गर्न निषेध गर्छ । यस सिद्धान्तलाई लामो समयदेखि अन्तर्राष्ट्रिय व्यवस्थाको केन्द्रबिन्दु मानिन्छ । इरानमाथि भएको आक्रमणमा भने यी दुईमध्ये कुनै पनि सर्त पालना गरिएन । अफ्रिकी देशले धेरै पहिलेदेखि देखे-भोगेको के हो भने लोकतन्त्र, मानव अधिकार वा मानवीय सुरक्षाका नाममा पश्चिमले गर्ने सैन्य अभियान छिट्टै तिनको घोषित उद्देश्यभन्दा धेरै टाढा विस्तार हुने गर्छ ।



लिबिया यसको उदाहरण हो । मार्च २०११ मा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले 'प्रस्ताव १९७३' लागू गऱ्यो । प्रस्तावले परिषद्लाई लिबियामा कर्नल मुअम्मर गद्दाफीविरुद्ध उठेको विद्रोहका क्रममा आमनागरिकको जिउधन जोगाउन 'सबै आवश्यक उपाय' अपनाउने अधिकार दियो । केही महिनाभित्रै, नेटो राष्ट्रका विमानले लिबियाभरि व्यापक बमबारी सुरु गरे । लिबियाका सैन्य प्रतिष्ठान र सरकारी पूर्वाधार मुख्य निसानामा परे । अभियानमा उल्लेख्य नागरिकसमेत मारिइरहेका थिए । आक्रमणले लिबियाली अफ्रिकी सरकार अत्यन्त हिंसात्मक तवरले अपदस्थ भयो र सो देशका नेता भिडबाट मारिए । धेरै अफ्रिकीका लागि यो आक्रमण खुसीको घटना थिएन ।

नेटोको हवाई आक्रमण र गद्दाफीको हत्याको एक दशकभन्दा बढी समय बितिसक्दा पनि लिबिया राजनीतिक रूपमा विभाजित छ । त्रिपोली र पूर्वी लिबियामा दुई प्रतिद्वन्द्वी सरकार छन् । बाँकी देशको ठूलो भागमा सशस्त्र मिलिसिया सक्रिय छन् । लिबियाको पतन खासमा दक्षिणतर्फको साहेल क्षेत्रमा अस्थिरता सिर्जनाको प्रस्थानबिन्दु बन्यो । लिबियाबाट लुटिएका हतियार प्रयोग भएर मालीमा सन् २०१२ को विद्रोह तीव्र बन्यो । मालीबाट सुरु भएको हिंसात्मक इस्लामिक विद्रोहले छिमेकी निजेर र बुर्किनाफासोलाई पनि लपेटेर अझै रोकिएको छैन । विद्रोहलाई देखाएर ती तीनवटै देशमा सैन्य कु भयो । त्यसले विद्रोहमा झन् आगोमा घिउको काम गऱ्यो । वास्तवमा, इरान, लिबिया र कङ्गोको लोकतान्त्रिक गणतन्त्रमा जब नेताहरूले देशको रणनीतिक स्रोतमाथि (इरान र लिबियाको हकमा तेल, कङ्गोको हकमा धातुजन्य खनिज) राष्ट्रिय नियन्त्रण स्थापित गर्न खोजेपछि पश्चिमसँग टकराव सुरु भएको देखियो ।

संयुक्त राष्ट्र सङ्घ र यसको बडापत्र शक्तिशाली पश्चिमी राष्ट्रबाट अफ्रिका र अन्य भेगका कजोर देश खुला रूपमा लुट्न रोक्न सक्ने सीमित अवरोधमध्ये एक हो । यसैले अफ्रिकी नेताहरूले इरानमाथिको आक्रमणको स्पष्ट विरोध गर्दै अफ्रिकी सङ्घ र संयुक्त राष्ट्र सङ्घको महासभामार्फत साम्राज्यवादी शक्तिका विभिन्न रूपको सामना गर्नुपर्छ ।

अफ्रिकी राज्यले मे २५, १९६३ मा आदिस अबाबामा 'अर्गनाइजेसन अफ अफ्रिकन युनिटी' स्थापनाको अवसरमा घानाका संस्थापक राष्ट्रपति क्वामे एनक्रुमाहले अन्य अफ्रिकी नेतालाई चेतावनी दिँदै भनेका थिए, 'स्वतन्त्रता खासमा नयाँ र लामो सङ्घर्षको प्रस्थानबिन्दु मात्र हो । हामीले आफ्नै आर्थिक र सामाजिक मुद्दा अवलम्बन गर्न खोज्दा भविष्यमा पनि नवउदारवादी हस्तक्षेप र अपमान रोकिनेछैन ।' ६० वर्षभन्दा बढी समयपछि पनि त्यो चेतावनी अझै सान्दर्भिक देखिन्छ । संयुक्त राष्ट्र सङ्घको बडापत्रका सिद्धान्तहरूको रक्षा गर्ने समय आएको छ । अन्यथा, आज इरानले भोगेको नियति भोलि अफ्रिकाले भोग्नुपर्ने हुन सक्छ ।

(म्हका समाजिक तथा राजनीतिक टिप्पणीकार हुन् ।)

- अलजजिराबाट

# शैक्षिक डामाडोलले देश ध्वस्त हुने !

✍ सुमन

शिक्षा देश विकासको मेरुदण्ड हो । यसलाई देशको आँखा पनि भन्ने गरिन्छ । अन्धो मान्छेले चाहेर पनि केही नदेखेजस्तै शिक्षा डामाडोल भएको देशको अवस्था पनि त्यस्तै हुन्छ । पहिला पहिला भए गोला बारुद हानेर ध्वस्त पार्छ भने आज धन जनको नोक्सान नगरीकन शैक्षिक प्रणालीमा गोलमाल पारेर ध्वस्त पार्छ । सहयोगको नाममा, विकासको नाममा कुनै देशको शिक्षाको बन्दोबस्तलाई आफ्नो स्वार्थ अनुकूल ल्याएर उपनिवेश वा कठपुतली बनाउँछ । यहीं हतियार प्रयोग गरेर अमेरिकालगायतका साम्राज्यवादी, उपनिवेशवादी र विस्तारवादी देशहरूले अफ्रिका, ल्याटिन अमेरिका, पूर्वी युरोप, एसियालगायतका देशहरूमा साम्राज्य फैलाइरहेका छन् । नेपाल पनि यसको सिकार हुँदै छ ।

दक्षिण अफ्रिकाका स्वतन्त्रता आन्दोलनका नेता नेल्सन मन्डेलाले आफ्नो देश दक्षिण अफ्रिकाको स्वतन्त्रताको लागि बेलायतीलगायत साम्राज्यवादी देशहरूसँग २८ वर्षसम्म जेलमै बसेर लडे । आखिर गोरा सरकारले बाध्य भएर उनलाई छोड्नुपर्यो । पछि निर्वाचनमा दक्षिण अफ्रिकाका जनताको बहुमतबाट उनी राष्ट्रपति बने । त्यहाँ थोरै गोराहरूले धेरै कालाहरूलाई निरङ्कुश र अत्याचारी शासन गरेका थिए । कठिन सङ्घर्षको परिणाम, अफ्रिकाका जनताको भावना नै निर्वाचनमा मन्डेलाको विजय हो । त्यहाँ गोराहरूले शासनको बेला काला जनतामाथि शिक्षालगायत सबै क्षेत्रमा विभेद गरेका थिए । गोराहरूबाट काला जनतामाथि पशुतुल्य व्यवहार हुन्थ्यो । आज पनि अफ्रिकी देशहरूमा यो कायमै छ । त्यसबाट पाठ सिकेर नेता मन्डेलाले भनेका थिए, कुनै देशलाई ध्वस्त पार्नु छ भने बम, बारुद, मिसाइल हान्नु पर्दैन । त्यहाँको शैक्षिक अवस्था, प्रणाली डामाडोल पारे पुग्छ । आज नेपालको शैक्षिक अवस्था पनि विदेशीले त्यसरी नै डामाडोल पार्दै लगेको नेपाली जनताले अनुभव गर्दै छन् । यो काम विदेशीले पढाइ, तालिमका नाममा पालन पोषण गरेर पठाएका नेपाली अनुहारका मान्छेहरूबाट भइरहेको जगजाहेर हुँदै छ ।

नेपालमा अमेरिकालगायतका साम्राज्यवादी, विस्तारवादी देशहरूका थुप्रै एनजीओ, आइएनजीओहरू २०४६/०४७ सालको परिवर्तनपछि बारीमा साँढे पसेजस्तो पसेका ( समाचारमाध्यममा आएका थिए । यी साँढेहरू सबैजसो शासक दलमा पसे । यसमध्ये कम्युनिस्ट दल भनिएको एमाले, माओवादीमा बढी पसे । यसैको परिणाम आजको ती दलको पतन र देशको वर्तमान शैक्षिक अवस्था हो । ती गैरसरकारी संस्थाहरूले घाँसको मुठो खुवाएर, देखाएर घोडा, हात्ती, राँगा, भैंडा, खसीलाई जस्तै ती कम्युनिस्टका र अरु दलका नेता, कार्यकर्ता, डिग्री, पीएचडीधारी विद्वान, बुद्धिजीवी, शिक्षाविद्हरूलाई पनि डलरको बिटो देखाएर डोऱ्याउँदै छन् । आज उनीहरूले घोडा फेर्ने काम गरेका छन् । देशको शिक्षालगायत महत्त्वपूर्ण क्षेत्रको लगाम आफ्नो हातमा पार्ने यी कठपुतली शासक दलहरूलाई आफ्नो स्वार्थअनुकूल उचाल्ने, थचार्ने, भिडाउने काम गरेर देशलाई ध्वस्त पारेको विश्लेषकहरू बताउँछन् । भदौ २३ र २४ गतेको उपद्रोव र आजको देशको शैक्षिक डामाडोललाई पनि यही आँखाबाट जनताले हेरिरहेका छन् ।

गत वर्ष फागुन चैततिर शासक दलका तलब सुविधा डलर खाएका शिक्षक नेतृत्वको शिक्षक सङ्गठनहरूको आह्वानमा पढाइ छाडेर काठमाडौं आए । सरकारी विद्यालयको पठन पाठन रोकेर राजधानी आएका शिक्षकहरूले माइतीघरदेखि बानेश्वरसम्म करीब एक महिना जुलुस प्रदर्शन गरेका थिए । आखिर हातलागी शून्य भयो । त्यसले देशभरमा सरकारी विद्यालयमा पढ्ने बहुमत गरिब जनताका छोराछोरीहरूले पढ्न पाएनन्; भर्ना हुन पाएनन् । तर, निजी विद्यालय भने सानदार चलिरहेको थियो । उनीहरूले मज्जाले विद्यार्थी भर्ना दिने अवसर पाए । सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरू शैक्षिक डामाडोलको अवस्थाबाट वाक्क भएर निजी विद्यालयमा भर्ना भए । सरकारको माना खाने ती शिक्षकका सन्तान सरकारी विद्यालयमा होइन; निजी विद्यालय पढिरहेका होलान् । सरकारी विद्यालय उकास्नुपर्ने शिक्षक उल्टो सरकारी विद्यालयको शैक्षिक स्थल भोस्ने र निजी विद्यालयलाई पोस्ने काम उनीहरूबाट भयो । यसमा निजी विद्यालयका संस्थापक शिक्षकहरूले पनि सघाएको सञ्चारमाध्यमले देखायो । त्यसमा तन, मन, लगानी निजी विद्यालयमा तलब सुविधा खाने सरकारी विद्यालयका शिक्षकहरू पनि त्यसमा सहभागी भएको कुरा बाहिर आएको थियो । यो एकमहिने विद्यालय थप शिक्षक आन्दोलनको देशभरबाट विरोध भएपछि सबै शिक्षक गाउँ, ठाउँको आफ्नै विद्यालय फर्के ।

पहिला असफल भएको हप्ताको आइतबार र शनिबार दुईदिने बिदाले देशको शैक्षिक अवस्थालाई डामाडोल पार्ने निश्चित छ । यस्तो दुईदिने बिदाले विद्यार्थीको पढाइ र अभिभावकलाई पनि आर्थिक, सामाजिक, मानसिकरूपमा प्रभाव पार्ने हुँदा यसको देशभरबाट विरोध भयो । त्यति मात्र होइन त्यसले समय, पाठ्यक्रम, परीक्षा, पढाइ आदिमा आधारभूतदेखि मास्टर डिग्री तहसम्मको सबै कक्षामा प्रभाव पार्नेछ ।

शैक्षिक सत्र २०८३ देखि भर्ना अभियान वैशाख १५ गतेदेखि, पढाइ सञ्चालन वैशाख २१ गतेदेखि गर्ने निर्णय शिक्षा मन्त्रालयले गरेको छ । यसले पनि देशको निरन्तर अगाडि बढिरहेको शैक्षिक अवस्थालाई प्रभाव पार्ने छ । चैतको अन्तिम हप्ता र वैशाखको पहिलो हप्ता भर्ना अभियान सकाएर ५/६ गतेबाट पढाइ सञ्चालन भइरहेकोमा यो निर्णयले त्यसमा ब्रेक लगाएको छ । यो देशको हावापानी भूगोल, संस्कृतिअनुसार चलेको शैक्षिक प्रणाली बन्दोबस्त हो । अब बालेन सरकारको त्यो निर्णयको विरोध देशभरबाट हुन थालेको छ । त्यो व्यवस्थाले चैतको तेस्रो, चौथो हप्तादेखि परीक्षा दिएर बसेका विद्यार्थीहरू त्यस्तै एक महिना घरमै बस्नुपर्ने भयो । त्यस्तै शिक्षकहरू के गरेर बस्ने होलान् ? त्यसले एकातिर विद्यार्थीहरू खराब सङ्गतमा लाग्ने, दिनभरि घरमा मोबाइल हेरेर, दु:ख दिने, मानसिक प्रभाव आदि पर्छन् भने अर्कोतिर अभिभावकलाई पनि त्यतिकै समस्या पर्छ । बालेन सरकारलाई यसबाट पनि पछि हट्नु वा सच्याउनुको विकल्प हुनेछैन । बरु, समयमा भर्ना अभियान, कक्षा सञ्चालन, पढाइ, शिक्षकको सभयमा विद्यालय आएर पढाइप्रतिको लगावमा चासो देखाउनु उचित हुनेछ ।

विकसित देशमा जस्तो नेपालमा पनि कक्षा ५ सम्मका विद्यार्थीलाई परीक्षा नै नलिइकन कक्षा चढाउने कदम पनि उचित नहोला । एसएलसीको सट्टा एसईई गरी ग्रेड सिस्टमसम्म गएपछि यसले देशको शैक्षिकस्तर खस्काउने काम भएको छ । यसले कमजारका विद्यार्थीहरू पनि थुप्रै उत्तीण भएका छन् भने अर्कोतिर विद्यार्थीहरूमा पढ्ने भावनामा कमी आएको सबैले अनुभव गरेकै विषय हुन् । उनीहरू भनेका भोलि देश हाँक्ने ठाउँमा पुग्ने जनशक्ति कर्णधार भएको हुँदा भोलिको देशको अवस्था कस्तो होला ? सोचनीय छ । हतपतको काम लतपत भनेजस्तै फुसर्दको समयमा हात पुर्पुरोमा राखेर पछुताउनुको कुनै अर्थ छैन । यसले देशलाई घात गर्नेछ । विकसित देशको शैक्षिक बन्दोबस्तलाई हुबहु यहाँ ल्याएर छिटो लागू गर्न खोज्दा समस्या आउनु स्वाभाविक हो । यसलाई लागू गर्न सम्बन्धित क्षेत्रका विज्ञहरू, सरोकारवालाहरूबिच व्यापक छलफल गर्नुपर्छ । टेस्टयुवको रूपमा सीमित ठाउँ, विद्यालयमा प्रयोग गरेर हेरेपछि मात्र देशभर क्रमश: लागू गर्नु ठीक हुन्छ । यसो गर्न सके थोरै मात्र कमी कमजोरी आउँछ ।

देशको शैक्षिक अवस्था डामाडोल हुनुको मुख्य दोष या जिम्मेवार भनेको सरकार र शासक दलहरू नै हुन् । उनीहरू सरकारी शैक्षिक संस्था डुब्नुमा जिम्मेवार छन् । आफ्ना सन्तान भने निजी महँगा शैक्षिक संस्था (विद्यालय, कलेज, विश्वविद्यालय) पढाएर पोस्ने काम गरेको छ । यदि देशको नाममा सपथ खाएअनुसार सरकारको तलब सुविधा खाने राष्ट्रपतिदेखि कार्यालय सहयोगीसम्मका सन्तान सरकारी शैक्षिक, संस्थामा पढाउनु जरुरी छ । सबैले साँच्चिकै भित्री मनैदेखि यसरी पढाउने हो भने देशको शैक्षिक अवस्था तुरुन्त उँभो लाग्नेमा दुईमत छैन । यसो नगर्ने पदाधिकारीलाई तत्काल कारवाही गर्दा यसमा ल्याउनु आवश्यक छ । यदि कानुनी व्यवस्था छैन भने फास्टट्र्याकबाट कानुनको व्यवस्था गर्नुपर्छ ।

देशको सन्तुलित शैक्षिक विकास गर्ने हो भने सरकारी तलब सुविधा खाने राष्ट्रपतिदेखि कार्यालय सहयोगीका सन्तान सम्बन्धित जिल्लाकै सरकारी विद्यालयमा, सरकारी संस्था (विद्यालय, कलेज, विश्वविद्यालय) मा पढाउनुपर्ने व्यवस्था गर्नु आवश्यक छ । त्यस्तो सम्भव नभए आफू कार्यरत शैक्षिक संस्थामा पढाउनुपर्छ । यसको लागि कानुनी व्यवस्था नभएमा बनाउनु आवश्यक छ । शिक्षक पनि त्यही जिल्लाको र भएसम्म त्यही जिल्लाको नभए छिमेकी जिल्लाको भए पनि ठीक हुन्छ । यसले शिक्षकले आवश्यक अनावश्यक बिदा लिएर विद्यालयको पढाइमा बाधा पुग्न बचाउने छ । यसले शिक्षकहरूमा शैक्षिक संस्थाप्रति अपनत्व बढ्ने र बढी जिम्मेवार बनाउने छ । यसले देशको शिक्षामा सन्तुलित विकास गर्न मद्दत गर्ने छ । कामचोर प्रवृत्तिमा शिक्षक, कर्मचारी, प्राध्यापकमाथि निगरानी बढ्नेछ । यसले बन्द हुने अवस्थामा पुगेको सरकारी विद्यालय, कलेज, विश्वविद्यालय चल्ने छ । यसमा बेलैमा सरकारको ध्यान गए देशकै शैक्षिक विकासमा ठूलो सेवा हुनेछ ।




भेनेजुयलाको राजधानी कराकासमा अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजको समर्थनमा र अपहरित राष्ट्रपति निकोलस मादुरो र प्रथम महिला सिलिया फ्लोरेसको रिहाइको निम्ति भएको प्रदर्शनमा मादुरो र उहाँकी पत्नीको तस्बिरसहित उत्रेका महिलाहरू २० अप्रिल २०२६ का दिन । नोबेल पुरस्कारप्राप्त विपक्षी नेतृ कोरिना माचाडोले स्पनेको राजधानी म्याड्रिडमा गरेको झूटो जनप्रदर्शनको विरोधमा काराकसमा विशाल जनप्रदर्शन भएको हो । *तस्बिर : जुआन ब्यारेटो/एएफपी*

# युरेनियम पुनः प्राप्ति कठिन हुने ट्रम्पको चेतावनी

वासिङ्टन, २१ अप्रिल (एएफपी) । आणविक संरचनामाथिको सैन्य हस्तक्षेपपछि उत्पन्न अवस्था र युरेनियम पुनःप्राप्तिको जटिलताले अमेरिका–इरानबिचको रणनीतिक द्वन्द्व अझै लम्बिने सङ्केत देखिएको छ ।

इरानको आणविक संरचनामाथि गरिएको अमेरिकी आक्रमणपछि त्यहाँको समृद्ध युरेनियम पुनः प्राप्त गर्नु जटिल र दीर्घ प्रक्रिया हुने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताउनुभएको छ । उहाँको यो अभिव्यक्तिले इरानको आणविक कार्यक्रममाथि जारी तनावबिच थप अनिश्चितता र रणनीतिक चुनौती उजागर गरेको छ ।

ट्रम्पले आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममार्फत 'अपरेसन मिडनाइट ह्यामर' लाई इरानका आणविक स्थलहरूको पूर्ण विनाशको रूपमा चित्रण गरे । उनका अनुसार ती संरचनाहरू ध्वस्त पारिएपछि त्यहाँ रहेको सामग्री पुनः उत्खनन गर्नु अब 'लामो र गाह्रो प्रक्रिया' बन्न पुगेको छ ।

इरानले भने आफ्नो युरेनियम भण्डार हस्तान्तरण गर्ने कुनै योजना नरहेको स्पष्ट पारिसकेको छ । तर, ट्रम्पले अन्ततः उक्त भण्डार अमेरिकी नियन्त्रणमा आउने दाबी दोहोऱ्याएका छन् ।

इरानको आणविक कार्यक्रमलाई इजरायलले 'अस्तित्वकै खतरा' का रूपमा व्याख्या गर्दै आएको छ । यही सन्दर्भमा संयुक्त राज्य अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि संयुक्त सैन्य आक्रमण सुरु गरेका थिए । उक्त आक्रमणले क्षेत्रीय तनावलाई तीव्र बनाएको थियो ।

इजरायली अधिकारीहरूका अनुसार गत वर्ष जुनमा १२ दिनसम्म चलेको युद्धपछि इरानले आफ्नो आणविक हतियार कार्यक्रमलाई अझ तीव्र बनाउने प्रयास गरेको थियो । सो युद्ध इजरायलको पहलमा सुरु भएको थियो, जसमा अमेरिकाले समेत सहभागिता जनाउँदै इरानका तीनवटा प्रमुख आणविक केन्द्रहरूमा बम आक्रमण गरेको थियो ।

# हतियार निर्यातमा जापानको ऐतिहासिक मोड

टोकियो, २१ अप्रिल (एएफपी) । जापानले आफ्नो परम्परागत शान्तिवादी नीतिलाई छोड्दै सुरक्षा उद्योग विकास गर्न खोज्दै वैश्विक रक्षा भूमिकातर्फ अगाडि बढ्ने सङ्केत दिएको छ । दशकौँदेखि कायम रहेको कडा शान्तिवादी नीतिमा महत्त्वपूर्ण मोड ल्याउँदै जापानले हतियार निर्यातसम्बन्धी आफ्ना नियमहरू उल्लेखनीय रूपमा अगाडि बढाउने निर्णय गरेको छ ।

बदलिँदो सुरक्षा चुनौती र आर्थिक हितलाई सन्तुलनमा राख्ने प्रयासस्वरूप गरिएको यो नीतिगत परिवर्तनले जापानलाई अन्तर्राष्ट्रिय रक्षा बजारमा सक्रिय रूपमा प्रवेश गर्ने बाटो खोल्ने अपेक्षा गरिएको छ ।

सरकारका शीर्ष प्रवक्ता मिनोरु किहाराले मङ्गलबार पत्रकार सम्मेलनमा नयाँ व्यवस्थाले घातक हतियारहरूको बिक्रीका लागि समेत मार्गप्रशस्त गर्ने बताउनुभयो । उहाँले जापान वरपरको सुरक्षा वातावरण तीव्र रूपमा परिवर्तन भइरहेको उल्लेख गर्दै यस्तो अवस्थामा देशको सुरक्षा सुदृढ पार्नुका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय स्थिरतामा योगदान पुऱ्याउने उद्देश्यले निर्णय गरिएको स्पष्ट पार्नुभयो । उहाँका अनुसार अहिलेको विश्व परिवेशमा कुनै पनि राष्ट्रले एक्लै आफ्नो सुरक्षा सुनिश्चित गर्न सक्ने अवस्था नरहेको धारणा बलियो बन्दै गएको छ ।


यसअघि जापानले हतियार निर्यातलाई खोज तथा उद्धार, यातायात, चेतावनी, निगरानी र माइनस्वीपिङजस्ता सीमित पाँच श्रेणीका उपकरणहरूमा मात्र सीमित राखेको थियो । तर, प्रधानमन्त्री साने ताकाइचीले सामाजिक सञ्जालमार्फत अब सैद्धान्तिक रूपमा सबै प्रकारका रक्षा उपकरणहरूको स्थानान्तरण सम्भव हुने सङ्केत दिनुभयो । यसले जापानको रक्षा नीतिमा संरचनात्मक परिवर्तन आएको स्पष्ट देखिन्छ ।

यद्यपि, यस कदमले जापानभित्रै मिश्रित प्रतिक्रिया उत्पन्न गरेको छ । आलोचकहरूले प्रधानमन्त्री ताकाइचीमाथि देशको लामो समयदेखिको शान्तिवादी पहिचान कमजोर बनाएको आरोप लगाएका छन् । दोस्रो विश्वयुद्धपछिको नीतिगत आधारमा विकसित भएको जापानको शान्तिवादलाई यसले असर पार्ने चिन्ता व्यक्त गरिएको छ ।

सरकारले भने यो नीति मन्त्रिपरिषद् र राष्ट्रिय सुरक्षा परिषद्बाट अनुमोदित भइसकेको जनाएको छ । रक्षा मामिला तथा हतियार नियन्त्रणका विज्ञ हेइगो सातोका अनुसार यस्तो नीतिले सहयोगी राष्ट्रहरूबिच हतियार र गोलाबारुदको सहज आदानप्रदान सुनिश्चित गर्ने प्रणाली निर्माण गर्न मद्दत गर्नेछ । उहाँले शान्तिको वर्तमान समयलाई दीर्घकालीन सुरक्षा तयारीका लागि उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सातोका अनुसार हतियार निर्यातले नियमित मर्मतसम्भारको आवश्यकता सिर्जना गर्ने भएकाले रक्षा उद्योगलाई स्थिर व्यापारिक आधार उपलब्ध हुनेछ र क्रेता राष्ट्रहरूसँगको सम्बन्ध पनि बलियो बन्नेछ । साथै, दुईतर्फी हतियार आदानप्रदानले भविष्यमा अप्रत्याशित र दीर्घकालीन द्वन्द्वको अवस्थामा सहयोगी राष्ट्रहरूबाट सहयोग प्राप्त गर्ने सम्भावना पनि बढाउने उहाँको तर्क छ ।

सन् १९७६ देखि लागू गरिएको कडा निर्यात प्रतिबन्धलाई क्रमिक रूपमा खुकुलो बनाउने प्रक्रियाको यो पछिल्लो कदम हो । प्रधानमन्त्री ताकाइचीले निर्यात गरिने हतियारहरू संयुक्त राष्ट्रसङ्घको बडापत्रअनुसार प्रयोग गर्ने प्रतिबद्धता जनाएका देशहरूमा मात्र सीमित गरिने बताउनुभयो ।




# मध्यपूर्व द्वन्द्वले भारतको मल उत्पादनमा गिरावट

नयाँदिल्ली, २१ अप्रिल (एएफपी) । मध्यपूर्वमा बढ्दो युद्धको प्रत्यक्ष असर देखिँदै भारतको मल उत्पादन मार्च महिनामा झन्डै एक चौथाइले घटेको छ । प्राकृतिक ग्यास आपूर्तिमा आएको अवरोधको कारण उत्पादनमा यस्तो तीव्र गिरावट आएको सरकारी तथ्याङ्कले देखाएको छ । यसले कृषि क्षेत्रमा दबाब बढाउने सङ्केत गरेको छ ।

भारतमा युरिया उत्पादनका लागि प्राकृतिक ग्यास अत्यावश्यक कच्चा स्रोत मानिन्छ । यही युरिया देशको विशाल कृषि प्रणालीका लागि मुख्य मल भएकाले यसको उत्पादन विश्वव्यापी ऊर्जा आपूर्ति र मूल्य उतारचढावसँग प्रत्यक्ष रूपमा जोडिएको छ । तर, फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गर्दा ग्यास आपूर्ति प्रभावित भएको हो ।

यो जलमार्गबाट विश्वका करिब एक तिहाइ मल आपूर्ति हुने भएकाले अवरोधले विश्वव्यापी खाद्य उत्पादनमै असर पर्ने चिन्ता व्यक्त गरिएको छ । भारतजस्तो कृषिमा निर्भर मुलुकका लागि यसको प्रभाव अझ गम्भीर मानिएको छ । भारतमा कुल रोजगारीको ४५ प्रतिशतभन्दा बढी हिस्सा कृषिले ओगटेको छ । साना र कम उत्पादनशील खेती प्रणालीमा निर्भर किसानहरूका लागि मल अभाव थप चुनौती बन्न सक्छ ।

वाणिज्य मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार मार्च २०२६ मा मल उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २४.६ प्रतिशतले घटेको छ । यसअघि भने उत्पादनमा सुधारको क्रम देखिएको थियो - फेब्रुअरीमा ३.४ प्रतिशत, जनवरीमा ३.७ प्रतिशत र डिसेम्बर २०२५ मा ४.१ प्रतिशतले वृद्धि भएको थियो ।

सरकारले भने तत्काल अभाव नहुने दाबी गरेको छ । पेट्रोलियम मन्त्रालयका अनुसार देशमा हाल 'पर्याप्त मल भण्डार' रहेको छ र आपूर्ति स्रोतहरूलाई विभिन्न देशहरूबाट विविधीकरण गर्ने प्रयास भइरहेको छ ।

भारतमा मलको माग मुख्यतः मनसुन बाली रोपाइँ (जुन–जुलाई) अघि र जाडो सिजनका बाली रोपाइँ (अक्टोबर–नोभेम्बर) बेला उच्च हुन्छ । यही समयलाई लक्षित गर्दै सरकारले यसअघि अप्रिलमा मल अनुदान ११ प्रतिशतले बढाएको थियो, जसले बढ्दो मूल्यबाट किसानलाई केही राहत दिने अपेक्षा गरिएको छ ।

तर, भारतको मल प्रणाली आयातमा निर्भर रहँदै आएको छ । युरियासँगै रक फस्फेट, फस्फोरिक एसिड र पोटाशजस्ता कच्चा पदार्थका लागि पनि विदेशमै भर पर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा आपूर्ति शृङ्खलामा आएको अवरोधले दीर्घकालीन असर पार्ने सम्भावना देखिएको छ ।

यसैबिच, विश्व व्यापार सङ्गठनले पनि मध्यपूर्व युद्धका कारण मल आपूर्तिमा आएको अवरोधले विश्व खाद्य सुरक्षामा गम्भीर खतरा निम्त्याउन सक्ने चेतावनी दिएको छ । यसले भारत मात्र नभई विश्वभर कृषि उत्पादन र खाद्य उपलब्धतामाथि दबाब बढ्न सक्ने सङ्केत गरेको छ ।

# न्युजिल्यान्डमा लक्सनलाई पार्टीको पुनः समर्थन

वेलिङ्गटन, २१ अप्रिल (एएफपी) । लगातार घट्दो जनसमर्थन र पार्टीभित्र बढ्दो असन्तुष्टिबिच न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सन अन्ततः नेतृत्व जोगाउन सफल हुनुभएको छ । मङ्गलबार भएको आन्तरिक मतदानले उहाँ अझै पार्टीको विश्वासमा रहेको सन्देश दिएको छ, यद्यपि राजनीतिक चुनौती भने कायम देखिएको छ ।

केन्द्र–दक्षिणपन्थी नेसनल पार्टीका नेता लक्सनले नोभेम्बरमा हुने आम चुनावअघि पार्टीको कमजोर जनमत सर्वेक्षणका कारण नेतृत्वमाथि प्रश्न उठेपछि विश्वासको प्रस्ताव अघि सार्नुभएको थियो । करिब तीन घण्टा चलेको ककस बैठकपछि उहाँले आफूले प्रस्तावित विश्वास मत पारित भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "मैले मेरो नेतृत्वप्रति विश्वासको औपचारिक प्रस्ताव पेस गरेको थिएँ । त्यो प्रस्ताव पारित भएको छ र यसले मलाई नेताका रूपमा मेरो ककसको समर्थन रहेको पुष्टि गरेको छ ।"

यद्यपि, उहाँले कति मतले जित हासिल गर्नुभयो भन्ने खुलाउनुभएन । मतदान प्रक्रिया गोप्य राखिएको थियो र अन्तिम मत परिणाम स्वयं उहाँलाई पनि सार्वजनिक नगरिएको बताइएको छ । बैठकमा सहभागी सांसदहरूले मात्र मतदान गर्न पाएका थिए भने खराब मौसमका कारण वेलिङ्गटनतर्फका धेरै उडान रद्द हुँदा केही सदस्यहरू उपस्थित हुन सकेनन् ।

पछिल्ला महिनाहरूमा लक्सनको नेतृत्वबारे प्रश्नहरू बढिरहेका थिए । जनमत सर्वेक्षणमा उहाँको पार्टी ३० प्रतिशतभन्दा तल झरेको छ भने उहाँको व्यक्तिगत लोकप्रियता पनि घट्दो क्रममा देखिएको छ । यसै सन्दर्भमा केही सांसदहरू असन्तुष्ट रहेको र आगामी निर्वाचनमा पुनः निर्वाचित हुने सम्भावना कमजोर भएको चर्चा चलेको थियो ।

यस्ता अड्कलबाजीलाई लक्सनले 'मिडिया सोप ओपेरा' भन्दै अस्वीकार गर्नुभयो । उहाँले अनुमान र हल्लामा आफू संलग्न नहुने स्पष्ट पार्दै अब पार्टीलाई एकताबद्ध रूपमा अघि बढाउनेमा जोड दिनुभयो ।

यातायातमन्त्री क्रिस बिशपले पनि नेतृत्व परिवर्तनको सम्भावनाबारे उठेका चर्चाहरूलाई खारेज गर्दै अन्ततः लक्सनलाई समर्थन गरेको बताउनुभयो । उहाँका अनुसार पार्टीभित्र 'राम्रो, इमानदार र बलियो' छलफलपछि सबैजना एकजुट भएर अघि बढ्ने सहमति बनेको हो ।

अर्थमन्त्री तथा उपनेता निकोला विलिसले यो मतदानले ककसबाट स्पष्ट सन्देश गएको बताउनुभयो, यद्यपि उहाँले पनि मत परिणामबारे जानकारी नभएको स्वीकार गर्नुभयो ।

तर, गठबन्धन सरकारका साझेदार तथा विदेशमन्त्री विन्स्टन पिटर्सले भने यस्तो विश्वास मतलाई 'अहङ्कारी फोहोर' को संज्ञा दिँदै आलोचना गर्नुभयो ।

यस घटनाले लक्सन तत्कालका लागि नेतृत्व सुरक्षित गर्न सफल भए पनि कमजोर जनसमर्थन र आन्तरिक दबावका कारण आगामी चुनावअघि उहाँका लागि राजनीतिक परीक्षा अझै बाँकी रहेको सङ्केत गरेको छ ।

# भक्तपुरको संस्कृति र आर्थिक विकास

● सत्य सुवाल

माटो, मान्छे र स्मृतिको अतुलनीय सङ्गम भक्तपुर । यहाँ समय घडीका काँटामा मात्र अघि बढ्दैन, संस्कारको प्रवाहसँगै बग्छ; यहाँ इतिहास पुस्तकका पानामा सीमित हुँदैन, हरेक ढुङ्गा, हरेक गल्ली, हरेक धुन र हरेक अनुहारमा सजीव रहन्छ । यो सहर संरचनाको थुप्रो होइन; यो चेतनाको निरन्तरता हो; पुस्तादेखि पुस्तासम्म हस्तान्तरण हुँदै आएको जीवनदर्शन हो । आधुनिकताको तीव्र वेगले धेरै सहरहरूलाई एकरूप बनाइरहेको बेला भक्तपुरले अझै आफ्नो मौलिकता जोगाइरहेको छ । तर, जोगाएर मात्र पुग्दैन; त्यसलाई चलायमान बनाउँदै, अर्थतन्त्रसँग गाँस्दै, भविष्य निर्माणको आधार बनाउन सके मात्र यसको वास्तविक मूल्य स्थापित हुन्छ । यहीँबाट मूल प्रश्न उठ्छ; हामी आफ्नो संस्कृतिलाई स्मृतिमा सीमित राख्ने कि त्यसलाई समृद्धिको स्रोतमा रूपान्तरण गर्ने ?

साँघुरा गल्लीहरूमा हाकु पटासीमा सजिएका महिलाका निर्दोष मुस्कान, भादगाउँले टोपीमा फल्चामा गफिँदै गरेका वृद्धका उन्मुक्त हाँसो, पाटी-पौवामा गुन्जिने भजन, चर्खा चलाउँदै सुन्दै गरेका वृद्धाहरू, कतै बाघचाल र कसिमला पाँय् खेल्दै त कतै माटाका भाँडा घुमाउँदै गरेका कुम्हालेका दृश्यहरू केवल सौन्दर्यका क्षणहरू होइनन्, जीवित सभ्यताको श्वास हुन् । माटाकै भाँडामा राखिएको जुजु धौ, धिमेको गहिरो ताल, टोल-टोलमा गुन्जिने नाचगानले भक्तपुरलाई एउटा सजीव सङ्ग्रहालय बनाएको छ जहाँ संस्कृति सङ्ग्रहित होइन–प्रवाहमान छ ।

पर्यटकहरू ५५ झ्याले दरबार, ङातापोल्हँ मन्दिर, दत्तात्रय मन्दिरजस्ता सम्पदाहरू हेर्न आउँछन् तर उनीहरूलाई बाँध्ने वास्तविक शक्ति ढुङ्गा होइन जीवनशैली हो । घरको आँगनमा उम्लिएको चुल्हो, पाटीमा बसेर गाइने भजन, टोल-टोलमा मनाइने जात्रा नै भक्तपुरको सम्पत्ति हो । 'भक्तपुरभित्रको भक्तपुर' अझै जीवित छ–जहाँ सम्बन्ध पुँजी हो; परम्परा शक्ति हो र समुदाय नै पहिचान हो ।




भक्तपुरमा जात्रा मनोरञ्जन होइन; अस्तित्वको घोषणा हो । बिस्केट जात्रामा रथ तान्ने डोरीले केवल काठको संरचना तान्दैन, त्यो समुदायको एकता, इतिहासको निरन्तरता र आस्थाको गहिराइलाई बाँध्छ । गाईजात्रामा हाँसोभित्र व्यङ्ग्य र पीडाको मिश्रण हुन्छ–समाजलाई प्रश्न गर्ने साहस त्यहीँबाट जन्मिन्छ । नवदुर्गा नाचमा देवत्व र मानवता एउटै लयमा मिसिन्छन् । भजन, धिमे, नाय खिँ, धाँ, लालाखीं–यी ध्वनिहरू केवल सङ्गीत होइनन्, समयसँगका संवाद हुन् । यहाँ जात्रा मात्र होइन; जीवन नै नाच्छ ।

हरेक १५ दिनमा एउटा जात्रा भन्ने उक्ति केवल परम्परागत भनाइ होइन, यथार्थ पनि हो । प्रत्येक जात्रा एउटा सजीव अर्थतन्त्र हो–जहाँ उत्पादन हुन्छ, श्रम चल्छ, खर्च हुन्छ र आम्दानी बन्छ । एउटा जात्रामा प्रयोग हुने अन्न, परिकार, बाजा, सजावट, वस्त्र, सामग्री आदि सबैले एउटा विस्तृत आर्थिक शृङ्खला सक्रिय पार्छन् । किसानले उब्जाएको अन्न भान्सामा पुग्छ, कुम्हाले बनाएको भाँडा प्रयोग हुन्छ, बाजा बजाउनेले पारिश्रमिक पाउँछ, साना व्यापारीको कारोबार बढ्छ । एउटा सांस्कृतिक गतिविधिले कति हातलाई काम दिन्छ । यही नै यसको असली शक्ति हो ।

यही सन्दर्भमा आर्थिक प्रवाहको गहिरो पक्ष बुझ्न आवश्यक छ । पैसा केवल खर्च हुने वस्तु होइन; यो शक्ति हो; जसको दिशा नै अर्थतन्त्रको स्वरूप निर्धारण गर्छ । जब हामी स्थानीय उत्पादन प्रयोग गर्छौं, त्यो पैसा समुदायभित्रै घुम्छ । एउटा रूपैयाँ किसानबाट कुम्हाले, कुम्हालेबाट व्यापारी, व्यापारीबाट कामदार हुँदै फेरि समुदायमै फर्किन्छ । यसरी एउटै पैसा धेरैपटक उपयोग हुन्छ । यसलाई स्थानीय अर्थतन्त्रको चक्र भनिन्छ । तर, जब हामी विदेशी पेय, आयातीत सामग्री, प्लास्टिकका भाँडा, बाहिरी सजावट र सेवामा निर्भर हुन्छौं, त्यो पैसा सिधै बाहिरिन्छ । यसले देशको अर्थतन्त्रमा गम्भीर नकारात्मक प्रभाव पार्छ; व्यापार घाटा बढ्छ; स्थानीय उत्पादन कमजोर हुन्छ; रोजगारी घट्छ र अन्ततः हामी आर्थिक रूपमा परनिर्भर बन्छौं । त्यसैले संस्कृतिको संरक्षण केवल भावनाको विषय होइन; यो आर्थिक स्वाधीनताको आधार हो ।

तर, आजको यथार्थ चुनौतीपूर्ण छ । आज प्रतिस्पर्धाको प्रदर्शन बन्दै गएको छ । "अरूले जस्तो गरे, उस्तै गर्नैपर्छ" भन्ने मानसिकताले ऋण, देखासिकी र असन्तुलन जन्माएको छ । सामाजिक प्रतिष्ठा जोगाउने नाममा अत्यधिक खर्च गर्ने प्रवृत्तिले संस्कृतिलाई बोझ बनाउँदै छ । यस्तो अवस्थामा सुकुल भोज केवल परम्परा होइन; समाधानको मार्ग हो ।

सुकुल भोजमा सबै बराबर हुन्छन् –न कोही माथि न कोही तल । माटोका भाँडा, लप्ते, सली, कतेरोमा पस्किएको भोजनमा केवल स्वाद हुँदैन–त्यहाँ आत्मीयता, सम्मान र समता मिसिएको हुन्छ । 'लाज लागे पनि भोकै नहुने' संस्कारले यसलाई मानवीय सम्बन्धको गहिरो अभ्यास बनाउँछ । अझ महत्त्वपूर्ण कुरा, यस्ता भोजमा स्थानीय युवाहरूलाई संलग्न गराउँदा उनीहरूले रोजगारी पाउँछन् । खाना पकाउने, व्यवस्थापन गर्ने, पस्कने, सरसफाइ गर्ने सबै कार्यले युवालाई आम्दानी दिन्छ । यसरी संस्कृति केवल जोगिँदैन, जीवन धान्ने आधार बन्छ ।

तर, आज यही परम्परा सङ्कटमा छ । प्लास्टिकका भाँडा, कोल्ड ड्रिङ्क, आयातीत पेय, झिलिमिली बत्ती, पार्टी प्यालेसको बुफे संस्कृतिले भोजलाई कृत्रिम, खर्चिलो र आत्माहीन बनाउँदै छ । यस्तो प्रवृत्तिले स्वास्थ्यमा असर पार्नुका साथै आत्मीयता र संस्कार दुवैलाई कमजोर बनाउँछ । यसको सट्टा पाला र तेलको दियो बाल्नु, मही, लस्सी, ऐला थ्वः प्रयोग गर्नु, धिमे र नाय खिँ बजाउनु, केवल परम्परा होइनन्, सन्तुलित र आत्मनिर्भर जीवनशैलीका प्रतीक हुन् ।

सम्यबजी, छोयला, बारा, चतामरी, योमरी, जुजु धौ जस्ता परिकारहरू केवल खानाका नाम होइनन्, आर्थिक प्रणालीका स्तम्भ हुन् । एउटा भोजले खेतदेखि भान्सासम्मको सम्पूर्ण उत्पादन शृङ्खलालाई सक्रिय बनाउँछ । यसैले स्थानीय उत्पादन प्रयोग गर्नु भनेको केवल स्वाद रोज्नु होइन; आर्थिक स्वाधीनताको अभ्यास गर्नु हो ।

भक्तपुरको जीवनशैली नै पर्यटनको आत्मा हो । यहाँ पर्यटकहरू केवल हेर्न होइन; अनुभव गर्न आउँछन् । यदि सुकुल भोज, जात्रा, बाजा, नाच, हस्तकला, परम्परागत परिकारलाई व्यवस्थित रूपमा 'अनुभव अर्थतन्त्र' मा रूपान्तरण गर्न सकियो भने यसले ठुलो आर्थिक सम्भावना सिर्जना गर्न सक्छ । बाजा समूहलाई पेसागत बनाउने, नाचलाई सांस्कृतिक प्रस्तुति बनाउने, भोजलाई अनुभवात्मक कार्यक्रम बनाए सबैले रोजगारी र आम्दानीका नयाँ बाटाहरू खोल्न सक्छन् ।

पुराना घरहरू समस्या होइनन्; अवसर हुन् । तिनलाई होमस्टेमा रूपान्तरण गर्दा स्थानीय परिवारलाई आम्दानी मिल्छ, पर्यटकलाई प्रामाणिक अनुभव मिल्छ र संस्कृति जीवित रहन्छ । यसका लागि स्थानीय सरकार, समुदाय र युवाहरूको सहकार्य आवश्यक छ; स्थानीय उत्पादनको प्रवर्द्धन, प्लास्टिक नियन्त्रण, सुकुल भोजको प्रोत्साहन, सांस्कृतिक पेसाको व्यवसायीकरण गर्नु जरुरी छ ।

अन्ततः, संस्कृति आत्मा हो, अर्थतन्त्र शरीर । आत्माबिना शरीर निस्सार हुन्छ, शरीरबिना आत्मा टिक्दैन ।
जब पैसा आफ्नै समुदायमा घुम्छ, त्यो समृद्धिमा रूपान्तरण हुन्छ ।
जब पैसा बाहिरिन्छ, त्यो निर्भरता र कमजोर भविष्यको सङ्केत बन्छ ।
सुकुल भोजमा लाज लागे पनि पेट भरिन्छ–किनकि त्यहाँ माया हुन्छ ।
पाला र तेलको दियोले उज्यालो दिन्छ–किनकि त्यो आफ्नै माटोको प्रकाश हो ।
धिमेको तालमा समुदाय एक हुन्छ–किनकि त्यो आफ्नै पहिचानको धड्कन हो ।

भक्तपुरले हामीलाई एउटा गहिरो सत्य सिकाउँछ–संस्कृति जोगाउने वस्तु होइन, चलाउने शक्ति हो; परम्परा बोझ होइन, अवसर हो र आफ्नै माटोमा टेकेर अघि बढ्ने बाटो नै दिगो विकासको वास्तविक मार्ग हो । यहाँ जीवन केवल उत्सव होइन; सम्भावनाको उज्यालो भविष्य हो ।

# विपद्का बेला मानवीय उद्धारको नेतृत्व गर्दै सशस्त्र प्रहरी

- **नारायण न्यौपाने**

काठमाडौं, ८ वैशाख । गोरखाको सहिद लखन गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापालाई कुनै विपद् पर्ने बित्तिकै सशस्त्र प्रहरी बलकै सम्झना आउँछ । आपत् पर्‍यो कि सशस्त्रलाई सम्झने उहाँको बानी नै परिसक्यो । उहाँले भन्नुभयो, "प्राकृतिक वा मानवजन्य विपद्मा मानवीय उद्धारमा झ्वाट्ट सम्झने एउटै नाम सशस्त्र प्रहरी बल हो । यो सङ्गठनले मानवीय उद्धारमा गरेको कामकै कारण मैले सम्झिने गरेको हो ।"

रमेशबाबु मात्रै होइनन्, पछिल्लो समय विपद्का बेला मानवीय उद्धार गर्नुपरेमा अधिकांशले सशस्त्र प्रहरीलाई नै सम्झिने गरेका छन् । देशमा शान्ति सुरक्षा र अमनचयनसँगै बाढीपहिरो, डुबान, भूकम्प, दुर्घटना र आगलागीजस्ता प्राकृतिक तथा दैवीप्रकोप जोखिमका बेला नागरिकको उद्धारमा सशस्त्र प्रहरी बल नेपाल सधैं अग्रपङ्क्तिमा रहने गरेकाले पनि प्रशंसा हुने गरेको छ ।

**उद्धारमा निरन्तर क्षमता अभिवृद्धि**

त्यसो त सशस्त्र प्रहरीको प्रशंसा त्यसै भएको हैन । यो संस्थाले उद्धारका क्षेत्रमा आफ्नो क्षमतालाई निरन्तर अभिवृद्धि गर्दै आएकाले यो सम्भव भएको हो ।

पछिल्लो समय विपद् व्यवस्थापनलाई सुदृढ, प्रभावकारी र परिणाममुखी बनाउन सशस्त्र प्रहरी बलले विभिन्न काम गरिरहेको छ । गोताखोर, अग्निनियन्त्रक, उद्धारकजस्ता जोखिमयुक्त काममा सशस्त्रकै भर पर्नुपर्ने अवस्था छ ।

सशस्त्रले देशका विभिन्न स्थानमा हालसम्म नौ विपद् व्यवस्थापन केन्द्र सञ्चालन ल्याइसकेको तथा छवटा स्थापना प्रक्रियामा रहेको जनाएको छ । यसै वर्षको मनसुनमा ५९ वटा विपद् व्यवस्थापन केन्द्र अस्थायी रूपमा सञ्चालनमा ल्याउँदैछ ।

बलले कुरिनटारमा १३९ वटा तालिममार्फत आफ्ना तीन हजार १२ जनशक्तिसहित छ हजार ९२९ जनालाई तालिम प्रदान गरिसकेको छ । यस अवधिमा उक्त शिक्षालयले १३४ जना विशेष तालिमप्राप्त गोताखोर तयार गरेको छ ।

चितवन इच्छाकामना-४मा अवस्थित शिक्षालयबाट प्रशिक्षित जनशक्तिले २०६३ सालदेखि हालसम्म ३६ हजार ८४ विपद्का घटनामा १५ हजार ५४१ भन्दा बढीको सकुशल उद्धार, ८८ हजार ५०० घाइतेको उद्धार तथा २५ हजार ७७८ जना मृतकको उद्धार गरेको छ ।

त्यस्तै, विभिन्न विद्यालय र संस्थामार्फत छ लाख ५७ हजार २८४ जनालाई विपद् व्यवस्थापन न्यूनीकरणसम्बन्धी तालिम सञ्चालन गरी समुदायस्तरमा सचेता वृद्धि गरिएकाले सङ्गठनको प्रतिबद्धता र कार्यक्षमता स्पष्ट रूपमा देखाएको सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल बताउनुहुन्छ ।

**कुरिनटार शिक्षालय उत्कृष्ट**

सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारले 'वाटर रेस्क्यु', मेडिकल फर्स्ट रेस्पोन्डर (एमएफआर), कोल्याप्स स्ट्रक्चर सर्च एन्ड रेस्क्यु (सिएसएसआर), अग्नि नियन्त्रण, डिपवाटर रेस्क्युमा दक्ष जनशक्ति उत्पादन गर्दै खोज तथा उद्धारमा राष्ट्रिय क्षमता बढाएको छ ।

देशमा नदीजन्य दुर्घटना हुनासाथ सशस्त्र प्रहरी, गोताखोर र कुरिनटार सम्झनुपर्ने परिस्थितिले शिक्षालयले राष्ट्रिय रूपमा पहिचान दिलाउन सफल भएको महानिरीक्षक अर्यालको भनाइ छ । त्यसो त २०७२ सालको भूकम्पमा पनि खोज तथा उद्धारमा सशस्त्र प्रहरी बल सफल भएको थियो ।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सशस्त्र प्रहरी बल प्राकृतिक प्रकोप तथा विपद्पछिको प्रथम र अन्तिम महत्त्वपूर्ण विकल्प रहेको बताउनुभयो । उद्धार र राहतमा व्यवस्थापकीय हिसाबले सशस्त्र प्रहरी बल उत्कृष्ट र उदाहरणीय रहेको उहाँले बताउनुभयो ।



नेपाल भूकम्पका हिसाबले ११ औं, प्राकृतिक प्रकोपका घटनाका हिसाबले ३० औं र जलवायु परिवर्तनका कारण उत्पन्न हुने जोखिमका हिसाबले चौथो जोखिमपूर्ण मुलुक मानिन्छ । विपद् व्यवस्थापनमा खटिने जनशक्ति र स्रोतसाधनको सीमितताले प्रकोपका बेलामा जनअपेक्षा र आवश्यकताबिचमा खाडल देखिए पनि स्थापना भएको २२ वर्षमा कुरिनटारस्थित शिक्षालयले राम्रो नतिजा दिएको छ ।

महानिरीक्षक अर्याल भन्नुहुन्छ, "सङ्गठनलाई प्राप्त कार्यादेशमध्ये विपद् व्यवस्थापन र उद्धारकार्यको जिम्मेवारीलाई छोटो अवधिमै देशको अग्रणी र विशिष्ट शिक्षालयका रूपमा कुरिनटार स्थापित छ ।"

राष्ट्रले भोग्दै आएको प्रकृति विपद् र आकस्मिक सङ्कटका बेला उद्धारका लागि आवश्यक पर्ने दक्ष, अनुशासित, प्रतिबद्ध जनशक्ति उत्पादन गर्ने मूल उद्देश्यले स्थापित शिक्षालयले यही वैशाख २ गते २२ औं वार्षिकोत्सव मनाएको छ । शिक्षालयले प्रशिक्षणको भूमिकामा मात्र सीमित नरही व्यवहारिक उद्धारमा प्रत्यक्ष रूपमा परिचालित हुने इकाईका रूपमा पुरस्कृत हुँदै आएको छ ।

विशेषगरी पृथ्वी राजमार्ग आसपासमा हुने सवारी दुर्घटना, बाढीपहिरो र अरु आकस्मिक घटना तथा देशको दुर्गम तथा चुनौतीपूर्ण क्षेत्रमा पनि यहाँबाट जनशक्ति परिचालित भई जीवनरक्षा तथा मानवीय सहयोगमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

विसं २०५८ मा सशस्त्र प्रहरी बल, नेपालको बेस क्याम्पका रूपमा स्थापना भई २०६७ साल वैशाख १९ गतेदेखि पहिलो विपद् व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरी २०६८ साल मङ्सिर २२ देखि विपद् व्यवस्थापन तालिम केन्द्रका रूपमा उक्त शिक्षालय स्थापना भएको हो । सशस्त्र प्रहरीले देशका विभिन्न नौ स्थानमा विपद् व्यवस्थापन बेस स्थापना गरी पछिल्लो २० वर्षमा सडक दुर्घटना, पहिरो, नदीजन्य, आगलागीलगायतका घटनामा परेका एक हजार सात जनाको जीवितै उद्धार गरेको छ ।

विपद्का घटनामा परिचालन हुने क्रममा सङ्गठनका ११ जनाले हालसम्म सहादत प्राप्त गरिसकेका छन् । दुर्घटनामा परी ज्यान गुमाएकाहरूको शव निकाल्न हतारो गर्दा अर्को व्यक्तिको सासलाई जोखिममा पार्नुहुन्न भन्ने जनचेतना समाजमा फैलाउनुपर्ने आवश्यकतामा बलले जोड दिएको छ । महानिरीक्षक अर्यालले विपद्का समयमा उद्धार गर्न सशस्त्र प्रहरी नआएको भए हामी बाँच्ने थिएनौं भन्ने सन्देश नागरिकलाई दिनेगरी काम गर्न तथा देश र जनहितविपरीत हुनेगरी कुनै गल्ती नगर्न निर्देशन दिनुभयो ।

विपद्पछिको त्यस्ता जोखिमपूर्ण उद्धार कर्यमा परिचालित हुँदा मृत्यु भएमा विपद् सहिद घोषणा गर्ने प्रस्ताव पनि सङ्गठनले अघि बढाएको छ । सशस्त्र प्रहरी बलले धादिङको नौबिसेदेखि चितवनको मुग्लिङसम्मको बाटोमा सडक सुरक्षा परामर्शसम्बन्धी नयाँ कार्यक्रम सुरु गर्दैछ । त्यस कार्यक्रमसँग यस क्षेत्रमा रहेका सामुदायिक अस्पताल र एम्बुलेन्स सेवालाई पनि समेटिनेछ । त्यस क्रममा दुर्घटनामा परेकालाई तत्काल उद्धार गरी संयुक्त प्रयासमा सम्बन्धित अस्पताल पुर्‍याइनेछ । विपद् व्यवस्थापनलाई सुदृढ, प्रभावकारी र परिणामुखी बनाउन सङ्गठनले विभिन्न पहल गरेको छ ।

विपद् वा दुर्घटनामा परेका व्यक्तिको उद्धारका लागि खटिने प्रहरी ज्यान नै जोखिममा पर्नसक्ने पक्षलाई हेक्का गर्दै सङ्गठनको अनुरोधमा गोताखोरलगायतका जनशक्तिलाई अघिल्लो वर्ष १० लाखबराबरको दुर्घटना बीमा गरेको छ ।

सङ्गठनले जोखिमयुक्त क्षेत्रमा काम गर्ने त्यस्ता करिब ५०० जनशक्तिलाई २५ लाख रूपैयाँको बीमा र अन्यबाट थप दुई लाखसमेत प्राप्त गर्ने व्यवस्था मिलाएको छ । प्राकृतिक प्रकोपमा हुनसक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न जल तथा मौसम विभागबाट मनसुनसम्बन्धी पूर्वानुमान उपलब्ध हुनासाथ सम्भावित जोखिम क्षेत्रमा आवश्यक जनशक्ति परिचालित गरी विपद् व्यवस्थापन तयारीको व्यवस्था मिलाइएको शिक्षालयका समादेशक भरत खनियाँले जानकारी दिनुभयो ।

पछिल्लो समय सशस्त्र प्रहरी बलले मुलुकका सबै वडामा २५ जनाका हिसाबले एक लाख ६७ हजार विपदसूचक नाम सङ्कलन गरेकाले त्यसमा आवश्यक सहयोग पुर्‍याउन स्थानीय तहलाई आग्रह गरेको छ । ***रासस***

# युद्धविराममाथि सङ्कट, अमेरिका–इरान तनाव चुलिँदै



तेहरान, २१ अप्रिल (एएफपी) । अमेरिका र इरानबिच जारी युद्धविराम अन्त्यतिर पुग्दै गर्दा दुवै पक्षले युद्धका लागि तयार रहेको चेतावनी दिएका छन् । वार्ताको भविष्य अन्योलमा परिरहेका बेला कूटनीतिक प्रयासहरू पुन: पाकिस्तानमा केन्द्रित हुने सङ्केत देखिए पनि तेहरानले सहभागिताबारे स्पष्ट धारणा सार्वजनिक नगरेपछि स्थिति अझ जटिल बनेको छ ।

ह्वाइट हाउसका अनुसार उपराष्ट्रपति जेडी भान्स इस्लामाबाद फर्केर दोस्रो चरणको वार्ता अघि बढाउने तयारीमा रहनुभएको छ । तर, इरानले अमेरिकी कदमप्रति गम्भीर असन्तुष्टि जनाउँदै वार्तामा सहभागी हुने वा नहुने विषयमा मौनता कायम राखेको छ । तेहरानले अमेरिकामाथि आफ्ना बन्दरगाहहरूमा नाकाबन्दी लगाएर र एक जहाज नियन्त्रणमा लिएर युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएको छ ।

इरानका संसद् अध्यक्ष मोहम्मद बाघेर गालीबाफले अमेरिकाले वार्तालाई दबाबको माध्यम बनाउन खोजेको आरोप लगाउँदै खतराको वातावरणमा वार्ता स्वीकार्य नहुने बताउनुभयो । उहाँका अनुसार पछिल्ला दुई सातामा इरानले युद्धक्षेत्रमा नयाँ रणनीति देखाउने तयारी गरिरहेको छ । यसैबिच, इरानको रिभोलुसनरी गार्ड्सले होर्मुज जलडमरूबाट अनुमतिबिना पार गर्ने जहाजहरूलाई निशाना बनाइने चेतावनी दिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानमाथि जलडमरू क्षेत्रमा जहाजहरूलाई अवरोध गरेर युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउनुभएको छ । उहाँका अनुसार फेब्रुअरी २८ मा अमेरिका र इजरायलले सुरु गरेको युद्धपछि इरानले विश्वको करिब पाँचौँ भाग तेल ओसारपसार हुने मार्ग अवरुद्ध गरेको छ । ट्रम्पले सामाजिक सञ्जालमार्फत नाकाबन्दीले इरानलाई कमजोर बनाइरहेको दाबी गर्दै समझदारी नभएसम्म दबाब जारी रहने सङ्केत दिनुभयो ।

युद्धविरामको समयसीमा सकिन लाग्दा वार्तामा सहभागी हुने विषयमा ट्रम्पले इरान तयार हुनुपर्ने बताउनुभयो । उहाँले युद्धविराम समाप्त भए ठुलो स्तरमा आक्रमण सुरु हुनसक्ने चेतावनी दिनुभयो । यद्यपि, युद्धविराम केही समय थपिने सम्भावना न्यून रहेको उहाँको भनाइ छ ।

युद्धको जोखिमबिच अन्तर्राष्ट्रिय बजारमा भने तेलको मूल्य घट्दो क्रममा देखिएको छ । अमेरिका–इरानबिच सहमति भएर होर्मुज जलडमरू पुन: सञ्चालनमा आउने आशाले बजार प्रभावित भएको विश्लेषण गरिएको छ । तेहरानमा युद्धविरामपछि केही सामान्य जीवन फर्किएको देखिए पनि सर्वसाधारणमा अनिश्चितता र आर्थिक दबाब अझै कायम छ । स्थानीय बासिन्दाहरूले अवस्था सहज नभएको र अर्थतन्त्र निकै कमजोर रहेको बताएका छन् ।

यसैबिच, इजरायल र लेबनानबिच छुट्टै युद्धविराम घोषणा भइसकेको छ, जसमा हिजबुल्लाह पनि संलग्न छ । दुवै पक्षबिच वासिङ्टनमा पुन: वार्ता हुने तयारी भइरहेको छ । तर, दक्षिणी लेबनानमा छिटपुट हिंसा जारी रहेको र इजरायलले केही क्षेत्रमा नागरिकलाई नफर्कन चेतावनी दिएको छ ।

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले लेबनानमा एक फ्रान्सेली शान्तिरक्षकको हत्या भएको घटनाको निन्दा गरेको छ । उक्त घटनामा हिजबुल्लाहलाई दोष दिइएको छ । इजरायल–हिजबुल्लाह द्वन्द्वका कारण लेबनानमा हालसम्म हजारौँको ज्यान गइसकेको सरकारी तथ्याङ्कले देखाएको छ ।

अमेरिका–इरान वार्ताको अर्को महत्त्वपूर्ण मुद्दा इरानको समृद्ध युरेनियम भण्डार पनि हो । ट्रम्पले इरान उक्त भण्डार हस्तान्तरण गर्न सहमत भएको दाबी गरेका थिए । तर इरानले उक्त दाबी अस्वीकार गर्दै युरेनियम कतै हस्तान्तरण नगरिने स्पष्ट पारेको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ताले यस्तो विषय वार्तामा कहिल्यै विकल्पका रूपमा नउठाइएको बताए ।

***भदौ...***

प्रहरीसहित लाठीचार्ज र अश्रुग्यास प्रयोगसहित भिडलाई रोक्ने प्रयास गरेको, तर असफल भएको हो ।

सो दिन प्रहरीलाई 'थुनुवा सूची तयारी', "आवश्यकतामा थुनुवा छोड्न सकिने", अश्रुग्यासबाहेक अत्याधिक बल प्रयोग नगर्नु" तथा "स्वयम् र हतियार एवम् सञ्चार सुरक्षित राख्नू" भन्ने निर्देशन Victor Control बाट आएको थियो ।

भदौ २३ र २४ गते दुवै दिन शान्तिपूर्ण प्रदर्शनमा बाह्य समूहले प्रवेश गरी तोडफोड, आगजनी, पेट्रोल बम, ढुङ्गामुढा, संसद् भवन जलाउनेजस्ता गतिविधि गराएको हुनुपर्दछ । उक्त कार्यको लागि राजनीतिक तथा आपराधिक मनोवृत्तिका समूहहरू आक्रामक रूपमा लागेका थिए ।

**जिल्ला प्रहरी परिसर काठमाडौँका अप्रेशन अधिकृत प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीको बयान** :

दिउँसो ११:०० बजेदेखि स्थिति क्रमश: बिग्रिँदै गयो । भिड बढ्दै माइतिघर मण्डलाबाट नयाँ बानेश्वरतर्फ अगाडि बढ्दै निषेधित क्षेत्रतर्फ जबरजस्ती प्रवेश गर्न खोज्दा करिब १२ हजारभन्दा बढीको भिडले ढुङ्गा, इँटा, पानीका बोतलहरू प्रहरी लक्षित गरी प्रहार गर्न थाल्यो ।

अन्दाजी दिनको १२:०० बजेको समयमा भिडबाट संसद् भवनमाथि आक्रमण सुरु भयो, भिडले संसद् भवनको पर्खाल र रेलिङ तोड्दै भित्र छिर्ने प्रयास गरेको र केहीले गुलेली, रड, मोलोटोभ ककटेल र घरेलु हतियार प्रयोग गरेका थिए ।

केही प्रदर्शनकारी जबरजस्ती हुलदङ्गा गर्दै, सुरक्षाकर्मीलाई आक्रमण गर्दै, मुठभेड गर्दै संसद् भवनको पर्खाल, रेलिङ भत्काई/चढी अनाधिकृत रूपमा संसद् भवन परिसर आगो लगाउने भन्दै संसद् भवन परिसरमा छिरेका थिए ।

कलङ्की, गौशालालगायतका विभिन्न क्षेत्रबाट करिब १०० वटा मोटरसाइकलमा आएका (त्यसमध्येका केही TOB लेखिएको कालो टिसर्ट लगाएका) युवाहरूले मोटरसाइकल पड्काउने, हो-हल्ला गर्ने गतिविधि गरी भिडलाई थप उत्तेजित बनाउने कार्य गरेकोले संसद् भवनमाथि आक्रमण गर्ने क्रम अझ तीव्र बनेको थियो ।

कर्फ्यु आदेशको अवज्ञा गर्दै प्रदर्शनकारीले सिंहदरबारबाट बानेश्वरतर्फ कर्फ्यु कार्यान्वयनको लागि जाँदै गरेका नेपाली सेनाका दुई वटा ट्रक र एउटा सशस्त्र प्रहरी बल नेपालको ट्रकबिच सडकमै रोकेर अवरोध पुऱ्याउँदा थप मद्दतसमेत पुग्न नसकेको अवस्था रहेको थियो ।

थप उच्छृङ्खल, अराजक हुँदै संसद् भवनको दक्षिण गेटमा रहेको सुरक्षाकर्मीको निवास कोठाहरूमा पेट्रोल बम हान्दै अन्दाजी १२:३५ मा आगजनी समेत गर्दै आन्दोलन ध्वंसात्मक हुन पुगेको थियो ।

प्रदर्शनकारीले प्रहार गरेका फलामका पाइप, ढुङ्गा, इँटा र गुलेलीबाट गरेको प्रहारबाट नेपाल प्रहरीका २११ जना प्रहरी कर्मचारीहरू र सशस्त्र प्रहरी बल नेपालका ८४ जना सशस्त्र प्रहरी कर्मचारीहरू घाइते भएका थिए ।

उक्त दिन शान्तिपूर्ण प्रदर्शनका नाममा केही समूहले राजनीतिक उद्देश्यमूलक घुसपैठ, डिसइन्फर्मेशन र सामाजिक सञ्जालमार्फत भड्काउने अभियान चलाएका थिए, जसले आन्दोलनलाई हिंसात्मक बनाएको थियो ।

सामाजिक सञ्जालमा प्राप्त सूचनाहरू विश्लेषण गर्दा भदौ २३ गते राति निकै धेरै अफवाहहरू फैलाइएको (भदौ २४ गते राति अन्दाजी १२ बजेको समयमा समेत ग्लोबल कलेज नजिकको होस्टल मध्य बानेश्वरमा छात्राहरूलाई जबरजस्ती करणी भइरहेको भन्ने किसिमको सूचना प्राप्त हुनासाथ म समेतको टोली परिचालन भई बुझ्दा घटना नभएको पाइएको) तथा ध्वंसात्मक र हिंसात्मक गतिविधिका लागि निकै ठुलो तयारी गरिएको रहेछ ।

netakhor.vercel.app मा आक्रमण गर्ने स्थानहरूकोबारेमा म्यापिङ गरेको, मोलोटोभ ककटेलसहित आक्रमण गर्नको लागि Discord, Reddit जस्ता सामाजिक सञ्जालहरूमा सूचना आदानप्रदान भएको, MAlLIKA_ALRT मार्फत निर्दोष बच्चाहरूको रगत बगाउने नेताहरूको रगतले मात्र नेपाल शान्त हुन सक्छ भन्ने किसिमको Bulk Message पठाइएको, नेपाल प्रहरीका कार्यालय र कर्मचारीलाई आक्रमण गर्ने भन्ने किसिमका आह्वानहरू सामाजिक सञ्जालमा प्रवाह भएको, नेपाल प्रहरीले होस्टलमा गई छात्राहरूलाई जबरजस्ती करणी गरेको, टोखालगायतका स्थानमा १५/१६ जना जियनजेड हत्या गरेको भन्ने किसिमको Disinformation फैलाइएको रहेछ । यस किसिमका म्यासेजहरू विशेषगरी क्लोज्ड ग्रुपमा शेयर गरेको कारण तत्कालको अवस्थामा यी सबै सूचनाहरू प्राप्त हुन सकेका थिएनन् ।

कर्फ्यु आदेशको प्रभावकारी महत्त्वपूर्ण प्रतिष्ठानहरूमा घरेलु हतियार र पेट्रोल बमसहित आएका प्रदर्शनकारीहरूले सुनियोजित रूपमा आक्रमण गरेकोले तत्कालको अवस्थामा सुरक्षाकर्मीको काबूभन्दा बाहिरको अवस्था उत्पन्न भएको, प्रहरी कर्मचारीहरू नै असुरक्षित भएको अवस्थाले गर्दा क्षति हुन गएको हो ।

सामाजिक सञ्जालमा विभिन्न क्लोज्ड ग्रुप बनाई तथा ह्यासट्याग प्रयोग गरी श्रीलङ्का, बङ्गलादेश, इन्डोनेशिया लगायतका देशमा भएका प्रदर्शनहरूबाट देखासिकी भइरहेको प्रदर्शनको बारेमा पर्याप्त सूचना सङ्कलन नभई प्रदर्शनलाई नेपालका विगतका परम्परागत आन्दोलनका अनुभवको आधारमा प्रदर्शनको आँकलन गरिनु र प्रभावकारी सूचना सङ्कलन नहुनु सबैभन्दा ठूलो त्रुटी रहेको छ ।

**प्रहरी वृत्त लैनचौर, सोह्रखुट्टेका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक जागेश्वर भण्डारीको बयान**

भदौ २३ गते म एकीकृत सुरक्षा योजनाअनुसार नयाँ बानेश्वर पश्चिमतर्फ अल्फाबिटा कम्प्लेक्स अगाडिको उत्तरी लेनमा कलसाइन C-56 सहित भिड व्यवस्थापनमा खटिएको थिएँ ।

भिड सुरुमा ब्यारिकेड नजिक शान्त देखिए पनि पछाडिबाट मानिसहरू उत्तेजित हुँदै ब्यारिकेड तोड्नुपर्छ भन्ने नारा लगाएपछि अवस्था अस्थिर बन्न थाल्यो । हामीले मेगाफोनमार्फत निरन्तर सम्झाइबुझाइ गरे पनि आक्रोशित भिडले ब्यारिकेड तानातान गरी फलामका पोलसमेत भाँचिने अवस्था आएकोले वाटर क्याननबाट पानी प्रहार गरिएको थियो । तर भिड चारैतिरबाट बढ्दै गरेको र ढुङ्गामुढा गर्दै अराजक मोडतर्फ अघि बढ्दै ब्यारिकेडसमेत तोडेर बीआईसीसी ICC तर्फ अघि बढ्यो ।

सशस्त्र पुलिसको टोली ब्यारिकेड क्षेत्रमा देखिए पनि भिड व्यवस्थापनमा नेपाल प्रहरीलाई समर्थन भूमिकामा सक्रिय भएन ।

भदौ २४ गते विहान ९:३० बजेदेखि सोह्रखुट्टे चोक र वरपरका स्थानहरूमा भिड जम्मा हुन थालेको, सडकमा टायर बाल्ने, नाराबाजी र दङ्गा प्रवृत्तिका सङ्केतहरू देखिएको थियो । १३:५५ बजेतिर प्रहरी कार्यालयमाथि ढुङ्गामुढा सुरु भई कम्पाउन्ड बाहिर पार्क गरिएको मोबाइल गाडीसहित दुईवटा गाडीमा आगजनी भयो ।

त्यसदिन धेरै प्रहरी कार्यालयमाथि देशभर आक्रमण भइरहेकाले भिक्टर कन्ट्रोलबाट "घातक हतियार नचलाउने, सकभर अश्रुग्यास र ननलेथल हतियार प्रयोग गर्ने, हातहतियार-सञ्चार-सवारी साधन सुरक्षित राख्ने र आगजनीको कारण थुनुवा कक्षमा मानवीय क्षति हुन सक्ने अवस्था आएमा अभिलेख राखेर थुनुवा छोड्दिने" आदेश आएकोले अभिलेख राखी ४५ जना थुनुवा मुक्त गरेका थियौँ ।

# नेपालको संसदीय प्रणाली के असफल भयो ?

राजनीतिशास्त्रका विद्यार्थीमा बरोबर 'राष्ट्रपतीय' बन्दोबस्त र 'संसदीय' बन्दोबस्तको विषयमा छलफल हुने गर्छ । अमेरिकी राष्ट्रपतीय बन्दोबस्तको उदाहरण दिएर धेरैजसो राष्ट्रपतिहरूको व्यवहारले संसदीय बन्दोबस्तको तुलनामा 'पुँजीवादी तानाशाही' नै हुने उदाहरण प्रस्तुत गरिन्छ ।

त्यसको मुख्य कारण हो- अमेरिकी स्वतन्त्रताको आन्दोलन सशस्त्र क्रान्तिबाट भएको थियो । नेता जर्ज वासिङटन सैन्य नेता थिए । सेनाको चरित्र आदेश लिने र दिने हो । यहाँ प्रजातन्त्रको अभ्यास कम हुन्छ । त्यसैले, स्वाभाविकरूपले अमेरिकी राष्ट्रपतीय बन्दोबस्त वा प्रजातन्त्रमा एक प्रकारले तानाशाही चरित्र देखिन्छ । त्यसो हुनुको अर्को कारण अमेरिकी राष्ट्रपतिहरूमध्ये केही सैनिक क्षेत्रबाट नै आएका थिए भने केही युवा समयमै अनिवार्य सैनिक शिक्षाबाट शिक्षित थिए ।

संरा अमेरिकामा पाँचौं राष्ट्रपति जेम्स मुनरो (सन् १८१७-१८२५) ले पश्चिमी गोलार्द्ध अर्थात् 'अमेरिका अमेरिकीहरूको हो' भन्दै 'ल्याटिन अमेरिकी देशहरू' (दक्षिण अमेरिकी महादेश) लाई नै उनले संरा अमेरिकाको करेसाबारी घोषणा गरेका थिए । उनको उद्देश्य एकातिर युरोपेली उपनिवेशवादीहरूतिर केन्द्रित थियो भने अर्कोतिर ल्याटिन अमेरिकी देशहरूको स्वतन्त्रता सङ्ग्रामीहरू (सिमोन बोलिभार (१६८३-१८३०), जोसे मार्टि (१८५३-१८९५) र आन्टोनियो मासेटो (१८४५-१९९६)) लाई खबरदारी दिनु थियो ।

अमेरिकाका पछिल्ला राष्ट्रपतिहरूले आफ्नो देशमा मात्रै होइन; ल्याटिन अमेरिकी देशहरूमा समेत सैनिक शासन गर्न लगाएका धेरै उदाहरण छन् । सम्भवत: पश्चिमी गोलार्द्धमा मुनरो नीतिको प्रभावले काम गर्दै छ भने अफ्रिकी देशहरूमा समेत प्रजातन्त्रको निम्ति लड्ने पेट्रिस लुमुम्बा, एनक्रुमाजस्ता अनेकौं देशभक्तहरूको हत्या र सत्ताच्युत गराउन सैनिक विद्रोहहरू गरायो ।

सम्भवत: त्यसैले युरोपका बढीजसो देशहरूमा संसदीय व्यवस्थाको प्रबलता देखिन्छ । फ्रान्सको इतिहासको कारण संविधानले राष्ट्रपति र प्रधानमन्त्रीको बिचमा सन्तुलन कायम गर्ने व्यवस्था गर्ने गरे पनि राष्ट्रपति दे गालमा सैनिक प्रभाव बढी भएको र नेपोलियनको झझल्को पनि कहिलेकाहीं आउने हुँदा प्रधानमन्त्री पम्पिडूसँग मन नमिलेको प्रस्ट छ ।

त्यसो त बेलायत संसदीय व्यवस्थाको अग्रदूत भनिए पनि चर्चिलजस्ता स्वार्थी, अहङ्कारी, आत्मकेन्द्रित र तानाशाह प्रवृत्तिका व्यक्ति बरोबर बेलायती राजनीतिमा रहे । यसको अर्थ उनी बेलायती जनतामा निष्कलङ्कित भने थिएनन् । उनका त्यही आक्रामक, साम्राज्यवादी र अति दक्षिणपन्थी प्रवृत्तिकै कारण दुई वर्षअगाडि अमेरिकामा जर्ज फ्लोयडको हत्याको विरोधमा बेलायतमै चर्चिलको सालिक ढालेर बेलायती जनताले सन्तोषको सास फेरे ।

त्यसो भनौं भने मार्गरेट थेचर ( १९७९-१९९०) ले बेलायती जनतामाथि रुढीवादी ढङ्गले नै शासन गरिन्; उनले 'कडा महिला' को उपमा पाइन् । त्यो प्रजातन्त्रको निम्ति सुहाउँदो उदाहरण थिएन । तर, झन्डै १५ वर्ष जर्मनीको चान्सलर भएकी एन्जेला मार्केल माथिका बेलायती प्रधानमन्त्रीहरूभन्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा धेरै सुपाच्य थिइन् । बरू युरोपेली सङ्घमा धेरै देशहरूमा बरोबर राजनीतिक अस्थिरताहरूले पुँजीवादी प्रजातन्त्र साँच्चै दोषरहित छैन भन्नेबारे सबैको आँखा खोलिदियो ।

सन्दर्भ हो, नेपालको वर्तमान संसदीय प्रजातन्त्र । युरोपेली संसदीय व्यवस्थामा दोस्रो विश्वयुद्धपछि उपनिवेशहरूलाई कसरी 'कज्याउने' भन्ने विषय नै प्रमुख हुन्थ्यो र बाहिर 'प्रजातन्त्र' एवम् 'स्वतन्त्रता' को खुब फलाको गरिन्थ्यो । नेपालमा अहिले के कोही कञ्चन व्यक्ति शासक दलहरूमा प्रमको निम्ति योग्य उम्मेदवार छैन ? के भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादकै आशीर्वाद प्राप्त व्यक्ति नै नेपालको प्रम र परराष्ट्रमन्त्री हुने भए ? नेपाली जनताले पनि बुझ्ने भाषा बोल्ने र राम्रो चरित्रको कोही योग्य व्यक्ति पुँजीवादी शासक दलहरूले प्रस्तुत गर्न अब नसक्ने नै भए त ? यो नेपाली जनताकै प्रश्न हो ।


***स्रोत : 'श्रमिक' साप्ताहिक, ७ मङ्सिर २०७८ (23 November, 2021)***

***भदौ...***

स्वार्थको कारणले पनि उक्त भवनलाई कसैले भत्काउन सकेन । केही वर्षदेखि अदालतमा यसको मुद्दा चल्दै छ । अदालतले कसैको डर धम्की, लोभलालचमा नपरी प्राप्त ऐतिहासिक प्रमाणको आधारमा फैसला गर्नुपर्छ । अदालतले सत्यतथ्यको आधारमा न्याय दिनुपर्छ ।

प्राप्त जानकारीअनुसार यो मुद्दाको पशा वैशाख २४ गते तोकिएको छ । यो पटक अदालतले सत्यको पक्षमा फैसला गर्नेछ । अदालतले सार्वजनिक जग्गामा बनाएको भवन भत्काउने निर्णय गरेर सो जग्गालाई कमलपोखरीकै रूपमा कायम गर्ने विश्वास जनताको रहेको छ । गुठीको सम्पत्ति जोगाउने काम अदालतको भाग होइन सरकारको पनि हो । यसरी नै अन्य जिल्ला र स्थानमा पनि व्यक्तिको नाममा रहेको सत्तल, पाटी, जग्गा सार्वजनिक कायम गर्ने बाटो खोल्नुपर्छ; कायम गर्नेतर्फ अदालत र सरकार लाग्नुपर्छ ।


## हार्दिक समवेदना



जन्म: २०१२/०३/१०
निधन: २०८२/१२/१३

भक्तपुर जिल्ला हाल सू.न.पा. वडा नं. ६ कटुञ्जे टोल बस्ने यस संस्थाका सदस्यता नं. ७३६१ का सदस्य **रत्नकेशरी ध्वजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा